# ललितपुर महानगरपालिका

Lalitpur Metropolitan City

# ३ नं. वडा कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

फोन नं.: ५५२८१८८/९८५१२३६९४८

www.lmcityward3.com, Apps: lmcity ward 3

Facebook: ललितपुर महानगरपालिका वडा नं. ३

नोटबुक-२०२२ (ई.सं.)




"हाम्रो संस्कार, गरौं नमस्कार"

# नेपालको संविधानका विशेषताहरू

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था
- धर्मनिरपेक्ष राज्यव्यवस्था
- मानव अधिकार विधिको शासनको प्रत्याभूति
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था
- समाजवाद उन्मुख अर्थतन्त्र ।

"नेता त्यो हो जस्ले जनतालाई सही विचार दिन सक्छ ।"

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।
प्रकृतिका कोटि–कोटि सम्पदाको आँचल
बीरहरुका रगतले, स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

“सत्य युगको संविधान भगवान हो, कलियुगको भगवान संविधान हो ।”




## श्रीगोपाल महर्जन
(वडा अध्यक्ष)
९८५१०९२९४८

## गणेश कुमार रजक
(सदस्य)
९८४१३५९१०२


## मिलन महर्जन
(महिला सदस्य)
९८४१७२७५०७

## रूपेश थापा
(सदस्य)
९८४१६९९३४१

## रञ्जु तोलाङ्गी
(महिला सदस्य)
९८०६७४७७९१

"मानिस तब मर्छ, जब उसको बिचार समाजबाट हराउँछ ।"

# ३ नं. वडाको नक्सा र बाटोको मापदण्ड




“मानिस ! मानिस भएर बाँच्न सिकौं र सिकाऔं ।”

# वडाको छोटो परिचय

## पृष्ठभूमि

वडा नं. ३ ल.पु.म.न.पा. भौगोलिक, शिक्षा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था पर्यटकीय, धार्मिक तथा ऐतिहासिक सम्पदाहरु भरिपूर्ण एवं महत्वपूर्ण स्थल हो, यसका जानकारीमूलक सूचनाहरु निम्नानुसार उल्लेख गरिएका छन्।

१ भौगोलिक स्थिति:

(क) क्षेत्रफलः– यो वडाले ललितपुर महानगरपालिका ३६.१२ व. कि.मि. को कुल भू–भाग मध्ये १.६७ व. कि.मि ओगटेको छ। यसरी महानगरपालिकाको क्षेत्र ४.६३% भू–भाग यस वडामा पर्दछ। यस अन्तर्गत पूरानो बस्ती र नयाँ बस्ती गरी दुई मिश्रित बस्तीहरु विद्यमान छन्।

(ख) सिमानाः– यस वडाको पूर्वमा वडा नं. २०, १० र ११, पश्चिममा वाग्मती नदी, उत्तरमा वडा नं. ११, १०, १ र २ र दक्षिणमा वडा नं. ४, २० र १३ पर्दछ।

(ग) एरियाः– १.६७ व. कि.मि मा फैलिएको छ। जुन न. पा. क्षेत्रको ४.६३% हुन्छ।

# प्रतिवद्धता पत्र

## २०७२ सालको स्थानीय निर्वाचनमा

## हाम्रा प्रतिवद्धताहरु :

१. वडा भवन निर्माण,

२. वडाका हरेक कार्यमा सुशासनको पारदर्शिता,

३. आवश्यक पूर्वाधार विकास कार्यलाई निरन्तरता,

४. मूर्त अमूर्त पुरातात्विक सम्पदाको संरक्षण,

५. बैज्ञानिक तरिकाको वडा तथ्याङ्कको संकलन, संरक्षण र घर नम्बर वितरण,

६. जनता नेताको सेवामा होइन जनताको सेवामा नेता कार्यक्रमको थालनी,

७. सार्वजनिक जग्गाको संरक्षण,

८. वडा स्तरीय फोहोर मैला संकलन कार्यक्रमको थालनी,

९. युवा रोजगार तथा अभिमुखीकरण कार्यक्रम,

१०. स्वच्छ सफा र हरियाली वडा बनाउने अभियानको थालनी ,

११. आकाशे पानी संकलन कार्यक्रम,

१२. सार्वजनिक र निजी साझेदारी कार्यक्रमको थालनी,

१३. गुणस्तरीय शिक्षा र स्वास्थ्य कार्यक्रमसँग रोजगारीको लागि वडा स्तरीय संस्थाहरुमा पहल गर्ने,

“आफूले गरे अरुले सिक्छन्, अरुले सिके आफूलाई गर्छन् ।”

१४. टोल टोलको योजना वडाबाट कार्यान्वयनको थालनी,

१५. वडा अध्यक्ष सम्पदा कोषको स्थापना,

१६. महिला सिप विकासका लागि महिला सिप जागरण ऋण कोषको स्थापना,

१७. वडाको शान्ति सुरक्षाको लागि जनचेतना कार्यक्रम,

१८. चन्दा आतंकलाई निरुत्साही गर्ने,

१९. शिक्षामा सामाजिकरण एक घर एक रोजगारको लागि पहल,

२०. कौसी खेती तालिम र

२१. महिला हिंसा विरुद्ध कार्यक्रम ।

**आफ्नो घर आँगन आफै सफा राखौं ।**
**'फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी श्रोतमै न्यूनीकरण पश्चात मात्र संकलकलाई दिने बानी बसालौं ।'**
**आफूलाई मन नपर्ने फोहोर कसलाई मन पर्छ र ?**
**त्यसैले**
**जथाभाबी फोहोर फालेको भेटीएमा,**
**फुटपाथ अवरोध र अतिक्रमण गरेमा,**
**उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची नभएमा**
**स्वीकृति नलिई व्यवसाय वा विज्ञापन गरेमा**
**कानून बमोजिम कडा कारवाही हुने व्यहोरा**
**जानकारी गराईन्छ ।**
**'भूकम्प प्रतिरोधात्मक घर बनाऔं, निर्माण सम्पन्न प्रमाणपत्र लिने गरौं ।'**

# ललितपुर महानगरपालिका, ३ नं वडा समितिको निर्णय बमोजिम कार्यालयबाट कार्यान्वयन भएका मुख्य मुख्य कार्यहरू

१) **अपाङ्गमैत्री वडा भवन**

वि.सं. २०७५ जेष्ठ १२ गते ७ रोज शुभम्मा शुभारम्भ भएको ललितपुर महानगरपालिकाको पहिलो वडा भवन हो । यसपछि वडाले अपाङ्गमैत्री फुटपाथ बनाउन शुरु गरे । त्यो पनि महानगरपालिकाको पहिलो खुड्किलो हो ।

२) **पञ्चवर्षीय आवधिक योजना**

लामो समयपछि भएको २०७४ को स्थानीय निर्वाचनमा निर्वाचित भए पश्चात वडाको कार्य गर्न वडा बारे जानकारी आवश्यक भएकोले वडाको पाँच वर्षे आवधिक योजना (आ.व. २०७५/०७६ – २०७९/०८०) को अन्तिम प्रतिवेदन मिति वि.सं. २०७५ असोज २१ गते बुझाए पश्चात सो को मार्ग निर्देशन र बस्तु चित्रको आधारमा वडाको कार्यक्रमहरु सम्पादन गर्ने कार्य गर्दै आईरहेकाछौं ।

३) **Web: lmcityward3.com, Apps: lmcity ward 3 र**
**फेसबुकः ललितपुर महानगरपालिका वडा नं. ३**

ललितपुर महानगरपालिकाको व्यापारिक र कार्यलयक्षेत्र तथा शिक्षित वडाको रुपमा रहेकोले जनतालाई सु–सूचित गर्ने जिम्मेवारी वडा समितिको हो भन्ने महसुस ठानी शुरु वर्षमानै वेबसाइड, एप्स र फेसबुक बनाई जानकारी गराउन यी सेवाहरु राखेकाछौं ।

४) **सिसि क्यामरा**

ललितपुर महानगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षाको लागि सिसि क्यामरा राख्ने पहिलो वडा ३ नं. वडा हो । चक्रपथको कारणले गर्दा बाहिर जान सकेका छैनौं तर भित्रका सडकहरुको चोक चोकमा ३० वटा सिसि क्यामरा जडा गरी शान्ति सुरक्षा दिने काम गरेकाछौं । यस पश्चात अरु वडाहरुमा पनि राख्ने काम भएकोछ ।

५) **अपाङ्गमैत्री बडापत्र**

६) **अपाङ्गमैत्री फुटपाथ**

अपाङ्गता भएका व्यक्ति व्हीलचेयर मार्फत सुरक्षितसाथ हिड्न नपाएको अवस्थामा ३ नं. वडा समितिले पहिलो पटक पुरानो नारायणी होटल अगाडीदेखि मन्त्री क्वाटर मोडसम्म अपाङ्गमैत्री फुटपाथ बनाउने काम भएको छ । जुन महानगरपालिकाको लागि नमूना भएकोछ ।

७) **शव–वाहन**

८) **खोज तथा उद्धार सामाग्री सजावट**

वि.सं. २०७२ सालको भूकम्प पश्चात दैवी प्रकोपको समयलाई ध्यानमा राखी उद्धारको लागि आवश्यक सामानहरुको जगेर्ना वडा कार्यालयमा हुनु पर्छ र त्यसको सजावत हुनुपर्छ । जतिबेला आवश्यक पर्छ त्यतिबेला सजिलै लिन सक्ने गरी खोज तथा उद्धार सामाग्रीका सामानहरु सजावटकासाथ राखेकाछौं । जुन हेर्न योग्यछ ।

९) **खुल्ला व्यायामशाला**

सानो देश भुटानबाट सिक्न योग्य थुप्रै कुराहरु छन् । जसमध्ये खुल्ला व्यायामशाला पनि हो । महानगरपालिका क्षेत्रभित्र खुल्ला व्यायामशाला राख्ने पहिलो वडा ३ नं. वडा हो । अहिले यसको निरन्तरता झण्डै सबै वडामा हुन लागिरहेकोछ ।

१०) **जेटिङ्ग, राउडिङ्ग र ग्राउडिङ्ग मेशिन**

११) **मेट्रिक घर नम्बर प्रणाली**

बैज्ञानिक युग पुग्दा वा महानगरपालिका हुँदा पनि घर नम्बर नभएको अवस्थामा ३ नं. वडाको वडा बजेटबाट घर नंम्बर वितरण कार्यक्रम राखे पछि महानगरपालिकामा ठूलो भूईचालो गयो । त्यसपछि महानगरपालिकाले सबै वडाहरुमा मेट्रिक घर नम्बर प्रणाली वितरण गर्ने निर्णय पश्चात ३ नं. वडाबाट शुभारम्भ गरियो ।

१२) **वडा परिचयपत्र**

१३) **कार्यालय कम्पाउण्डमा ATM / epay सेवा**

वडाबासीहरुको लागि सेवा दिने वडा समितिको प्रमुख कर्तव्य हो । सोही अनुरुप वडा कम्पाण्डभित्र ATM र epay सेवाबाट सुविधा दिने काम भै आईरहेकोछ ।

१४) **Movable Portable Toilet**

मानिस स्वार्थी प्राणी हो । बरु एक छाक ख्वाउला शौचालय गर्न कसैले दिदैन । त्यसैले, हरेक चोक चोकमा सार्वजनिक शौचालयको अति आवश्यक हुन्छ । त्यसैलाई मध्यनजर गरी

Movable Portable Toilet राख्ने बिचारमा ल्याएको हो । जसमध्ये ३ वडामा धोविघाट चक्रपथ, पल्लो धोविघाट, वल्लो धोविघाट, ठाडाढुङ्गा र पुल्चोकमा शौचालयको व्यवस्था गरेकाछौं ।

**१५) विद्युतिय निःशुल्क गाडी**

**१६) फाईल डिजिटाईजेशन**

वडामा रहेका पुराना सिफारिस तथा अन्य कागजातहरुलाई सुरक्षितसाथ राख्न स्क्यान गरी राख्ने काम डिजिटाईजेशन हो । यो काम ३ वडामा शुरु गरेकाछौं ।

**१७) ७० वर्ष उमेर पुगेका बृद्ध, बृद्धाहरुको लागि घर घरमा सिफारिस**

७० वर्ष पुगेपछि राष्ट्रले बृद्ध, बृद्धाहरुलाई सम्मान स्वरुप सामाजिक सुरक्षा भत्ता दिदै आएकोछ भने हामी जनप्रतिनिधिहरुले पनि उहाँहरुको सेवा गर्न पाउनु भनेको भगवानको आशिर्वाद लिनु जस्तै हो । त्यसैले कोही बृद्ध, बृद्धा निवेदक आफै भई सिफारिस माग गरेमा निवेदन लिने र सिफारिस पुऱ्याउने काम वडा समितिको हुनेछ । जस्लाई हामी ७० वर्ष उमेर पुगेका बृद्ध, बृद्धाहरुको लागि घर घरमा सिफारिस भन्ने गर्छौं ।

**१८) अनलाईन सिफारिस**

कोही कसैले ईमेल (अनलाईन) मार्फत कागजातहरु पेश गरी निवेदन माग गर्न पनि सकिन्छ । तर, सिफारिस दस्तुरको रसिद आवश्यक भएमा लिन आउनु पर्नेछ ।

**१९) Software मार्फत दर्ता चलानी**

Software मार्फत दर्ता, चलानीकासाथै वडाभित्र हुने कामलाई व्यवस्थित सर्वरमा राखिने व्यवस्था गरी आएकाछौं। जसले गर्दा सुरक्षित हुनेछ।

**२०) कानूनी परामर्शसेवा**

वडाबासीहरुलाई कानूनी समस्या परेमा हप्तामा एक दिन शुक्रबार दिउँसो २ बजे १ घण्टा निःशुल्क कानूनी परामर्श लिन सकिनेछ।

**२१) सामुदायिक स्कुलका जेहेन्दार विद्यार्थीको लागि २५ हजारको छात्रवृत्ति र कापी कलम वितरण**

सामुदायिक स्कुलमा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीले पैसा कारण बिचमै अध्ययन छोड्न नपरोस् भन्ने उद्देश्यले कक्षा ८ सम्मका लागि १ जना र ९ देखि १२ सम्मका विद्यार्थी मध्ये एक जनालाई रु. २५,०००/- छात्रवृत्ति दिएका छौं। साथै सबै विद्यार्थीहरुको लागि कापी र कलम निःशुल्क दिने व्यवस्था वडा कार्यालयबाट गरी दिएकाछौं।

**२२) सामुदायिक स्कुलमा अध्यापनको लागि "निगरानी एप्स"**

३ वडाभित्र रहेका सामुदायिक स्कुल मदन स्मारक माध्यमिक विद्यालय र श्री श्रमिक बाल बिज्ञान नि.मा.वि.मा गुरुले पढाउने सिलेबस, गुरु तथा विद्यार्थीको हाजिर, माक्स र अन्य विशेषता प्रधानाध्यापकको निगरानीमा हेर्न मिल्ने एप्सको शुरुवात गराएकाछौं।

**२३) ट्राफिक बत्तीको व्यवस्था**

वडाको बिना खर्चमा पुल्चोक र हरिहरभवनको मुल सडकमा ट्राफिक बत्ती र पुल्चोकको जेब्राक्रसमा पेडेस्ट्रियन लाईट, तन्त्र भेन्चर्स संस्थाको सहयोगमा राखियो। जुन महानगरपालिकाको लागि नमूना नै भएकोछ।

**२४) कुहिने र नकुहिने फोहोर संकलन (मलाई मन नपर्ने फोहोर अरु कस्लाई मन पर्छ र ?)**

**२५) वडा स्वरोजगार कार्यक्रम अन्तर्गत संचालित**

क) वडा खाद्य स्टोर - पुल्चोक

ख) वडा खाद्य स्टोर - धोविघाट

ग) पप्स केक - पुल्चोक

घ) आर.के.सुज - ज्वागल

ङ) हाईजेनिक वार्ड मःमः - पुल्चोक

**२६) "सचेतनामा हाम्रो दायित्व"**

अमूर्त संस्कृति सञ्चालनको लागि अक्षय कोषको व्यवस्था

क) तःध मंका खलः - रु. ५,००,०००/-

ख) पुच्वः मंका खलः - रु. ५,००,०००/-

ग) रातो मन्छिन्द्रनाथमा भुजा चढाउन - रु. ५,००,०००/-

घ) रक्षेश्वर महाबिहार संरक्षण समिति - रु. ३,००,०००/-

ङ) रजक सेवा समाज - रु. ३,००,०००/-

**२७) सार्वजनिक जग्गा संरक्षण र पार्क निर्माण**

**२८) QR Code मार्फत हाजिर**

**२९) व्यावसायिक ट्रेनिङ्ग सेन्टर**

वडा भित्रका व्यक्तिहरुलाई सिप सिकाउनको लागि व्यावसायिक ट्रेनिङ्ग सेन्टर प्रयोगमा ल्याइनेछ । यो भवन ठाडोढुङ्गामा झण्डै एक तल्लामा तीन हजार वर्गफिटको छ । आउँदो आ.व.मा पूरा हुँदैछ ।

**३०) जनमुखी कार्यक्रम :**

१) **"सुखमा साथ दु:खमा बास"**

क) मृत्यु परान्त सुख रोजौं "नि:शुल्क सव-वाहन" क्रिया खर्च दुई हजार मात्र (३५ दिन भित्र दर्ता गर्न आएमा)

ख) वडाको चाहना, दिर्घायुको कामना । (कडा रोग भएकाको लागि बढीमा रु. १०,००० सम्मको औषधि वा शारिरीक र बौद्धिक अपाङ्गता भएकाको लागि निमोनिया खोप)

ग) सुरक्षाको लागि एक घर एक चिम ।

घ) गर्भवतीको लागि पौष्टिक आहार रु. एक हजार मात्र ।

ङ) एकल पुरुष भत्ता रु. दुई हजार मात्र ।

च) एक बच्चा एक उपहार । (३५ दिन भित्र दर्ता गर्न आएमा)

छ) विपन्न परिवारको लागि - धारा, बिजुली र शिक्षा

ज) विपन्न परिवारको लागि - न्यूनतम विद्युत र धाराको महशुल भुक्तानी

झ) अपाङ्गता भएका व्यक्तिको लागि सामान र औषधि

ञ) घटना दर्तामा My Clear Bag (अत्यावश्यक कागजात राख्न)

**२) "परिवर्तनको लागि शिक्षा"**

क) युवाको आविष्कारमा वडाको सहभागिता अन्तर्गत आ.व. २०७७/०७८ मा एसईई पास भएका टपर छात्र र छात्रालाई प्रतिवद्धता लिई ५०/५० हजार छात्रबृत्ति र त्यस्तै १२ पास भएका टपर छात्र र छात्रालाई प्रतिवद्धता लिई एक/एक लाख दिने ।

ख) वडा क्षेत्रमा जथाभाबी पर्चा/पोष्टर/तुल/ब्यानर पोल तथा भित्ताहरुमा झुण्ड्याउन तथा टाँस्न निषेध

ग) अमूर्त संस्कृतिका "गुरुलाई सम्मान कार्यक्रम"

**३) "सबै सुखी सबै समृद्ध, हाम्रो चाहना वडाको कामना"**

क) भविष्यका कर्णधार हाम्रा बालबालिका

ख) स्वास्थ्य परीक्षणको लागि "हाम्रो प्रयोगशाला"

ग) "स्वास्थ्य लाभमा एक थोपा रगत ।"

३ नं. मा स्थायी बसोबास गर्ने व्यक्तिको लागि अस्पतालबाट रगत माग भएमा वडा कार्यालयको सिफारिसमा रक्तसंचार सेवा केन्द्र, पुल्चोक, ललितपुरबाट निःशुल्क रगत प्रदान गरिनेछ । यो व्यवस्था त्यस केन्द्रबाट उपलब्ध गराउनेमा मात्र लागू हुनेछ ।

घ) स्वास्थ्य परामर्श सेवा ।

ङ) हाम्रो हात अपाङ्गताको साथ ।

# राष्ट्रिय विभूति कलाकार अरनिको




१२ औं शताब्दीका महान नेपाली कलाकार अरनिकोको जन्म सन् १२४४ मा भएको थियो । १७ वर्षको उमेरमा ८० जना कलाकारहरुको नेतृत्व गरी उहाँ तिब्बतको ल्हासा पुग्नुभएको थियो । ल्हासामा कलाकार अरनिकोले स्वर्ण स्तुप निर्माण गर्नुभयो । त्यसपछि पेकिङमा अनेक चैत्य, मूर्तिहरुको निर्माण र मर्मत गरेर मूर्तिकार, चित्रकार र वास्तुकारमा हुने विशिष्ट गुणहरुको प्रदर्शन गर्नुभएको थियो । उहाँको विशिष्ट गुण र क्षमताबाट प्रभावित भएर त्यहाँका बादशाह कुबलाई खाँले अरनिकोलाई राजकीय निर्माण कला विभागका नियन्त्रकको रुपमा नियुक्ति गर्नु भएको थियो । त्यसपछि उहाँले अनेक मूर्ति, चैत्य बनाउन बाँकी जीवन चीनमा बिताउनुभएको थियो । उहाँले बनाउनुभएका चैत्य र मूर्तिहरु मध्ये पेकिंङमा अहिले अवस्थित सेतो ड्यागोबा (चैत्याकार स्तुप) नेपाली कलाकृतिको उच्चत्तम योगदानको स्मारकको रुपमा विशेष रुपमा चर्चित र उल्लेखनीय रहेको छ । सो चैत्य बनाउन आठ वर्ष लागेको थियो । सो चैत्य युआन वशंको जिउँदो इतिहासको रुपमा लिईन्छ । अरनिकोको समाधिस्थलमा स्थापना गरिएको स्तम्भका अंकित शिलालेख अनुसार उहाँको सन् १३०६ मार्च ११ मा मृत्यू भएको थियो ।

“समय आउँछ पर्खिदैन, समय जान्छ सोधिदैन ।”


# राष्ट्रिय विभूति शंखधर साख्वाः



शंखधर साख्वा नेपाल संवत्का प्रणेता हुनुहुन्छ। नेपाल संवत् देशकै नाउँमा रहेको विश्वको एक मात्र संवत् हो। प्रत्येक नेपालीमा राष्ट्रियताको भावना, दानशीलताको भावना जगाउन शंखधर साख्वा र उहाँले प्रवर्द्धन गर्नुभएको नेपाल संवत्ले सदैव प्रेरणा दिइरहनेछ।

देशवासीलाई ऋणबाट मुक्त गरी आजभन्दा ११४२ वर्षअघि नेपाल संवत् शुरु भएको हो। विक्रम संवत् ९३६ मा जनतालाई ऋणबाट मुक्त गर्नुभएको योगदानलाई कदर गरी तत्कालीन कान्तिपुरका राजा राघवदेवले शंखधरको योगदानलाई कदर गरी पशुपतिनाथ परिसर भित्र शंखधरको मूर्ति स्थापना गरेको भनिन्छ। आफूसंग भएको धन देश जनताको लागि खर्च गरी शंखघर साख्वाःले देशकै नाउँ राखेर नेपाल संवत्का शुरुआत गर्नुभएको थियो। राणाकालसम्म यो सरकारी कामकाजीको संवत् थियो। सरकारले २०५६ मंसिर २ गते शंखघर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको थियो। नेपाल संवत्का प्रवर्द्धक शंखधर साख्वाः काठमाडौंको मरु इलाछेँ टोलका एक व्यापारी हुन् भन्ने गरिन्छ। कसै-कसैले मध्यपुर थिमीका र कसैले भक्तपुरकै पनि भन्ने गर्छन्। अझै पनि उहाँको जन्म एक ऐतिहासिक खोजेको विषय रहेको छ। साख्वाःको निधन भने नेपाल संवत् १० मा भएको कुरा ग्रन्थ र थ्यासफूमा उल्लेख गरिएको छ।

"संघीय सरकारको कार्यान्वयन स्थानीय सरकारबाट मात्र हुनसक्छ।"




# शताब्दी पुरुष सत्यमोहन जोशी

जन्म: नेपाल संवत् २०४० बछलागा: नवमी
तदानुसार विसं १९७७  बैशाख ३० गते, बखुँबहाल, ललितपुर,
इतिहास, साहित्य तथा संस्कृतिविद्

## जीवन अझै लोभ लाग्दो

उमेरले १ सय २ वर्ष नाघिसकेको छ । जीवनमा अझै सक्रियता कायमै छ । यस्तो जीवन बाँच्ने रहर कसलाई नहोला ? वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको जीवन पनि सबैका निम्ति लोभ लाग्दो जीवन बनेको छ ।

धर्मशास्त्र र आध्यात्मले मनुष्य जीवनलाई दुर्लभ वा वरदानको रुपमा लिन सल्लाह दिन्छन् । तैपनि जीवन जीउने क्रममा धेरैलाई जीवन बरदान नभई अभिशाप जस्तो लाग्छन् । १ सय २ वर्षमा पनि स्वस्थ र सक्रिय जीवन जोशीका लागि वरदान साबित भएको छ । जोशीलाई धेरैले दीर्घ र स्वस्थ

जीवनको रहस्य के हो ? भनेर सोध्ने गर्दा उहाँले भन्नुहुन्छ "चिन्तन गर्ने र चिन्ता नलिने" । आफूलाई प्राप्त भएकोमा सन्तुष्ट भएर सक्रियतापूर्वक जीवन बाँच्ने । यो भएन, त्यो भएन भनेर धेरै गुनासो नगर्ने, छोरा, बुहारी, सन्तानबाट धेरै अपेक्षा नगर्ने ।'

छ वर्षअघि फोक्सोमा पानी जमेर उपचार गराउने र यस अघि किष्ट अस्पतालमा उपचार गर्ने बाहेक अहिलेसम्म वरिष्ठ संस्कृतिविद् जोशीलाई खासै औषधी खानुपरेको छैन । "दाल, भात नै खान्छु । साधारण जीवन बिताउँछु ।"

राणाकालमा जागिरको सिलसिलामा तनहुँ लमजुङतिर जाँदा सुनेको लोकगीतले जोशीलाई निकै प्रभाव पारेको थियो । जुरेली चरीको जीवनले साधारण तरिकाले जीउन प्रेरित गरेको भन्दै जुरेली चरीको जीवन नै मेरो जीवन दर्शन रहेको भन्दै जोशीले हरेक सभा समारोहमा जुरेली चरीको लोक गीत गाउँदै आउनुभएको छ ।

के खायो के लायो होला, वनको जुरेली चरीले
चरीको के छ र घर, रात काट्यो डालीमा बसेर ।


**ललितपुर महानगरपालिका**

**३ नं. वडा कार्यालय, पुल्चोकको सूचना**

मिति २०७८ मंसिर १ गतेदेखि यस वडाका स्थायी बसोबास गर्ने वडाबासीहरुको उपचारको क्रममा रगत र रक्ततत्व उपलब्ध गराउन पहल भै रहेको हुँदा वडाको सिफारिस लिई रक्त संचार सेवा केन्द्र, पुल्चोक, ललितपुरबाट नि:शुल्क (वडा कार्यालयबाट व्यहोरिने) रगत उपलब्ध गराउने व्यवस्था गरिएकोछ । रगत प्रयोग नभएमा उक्त रगत फिर्ता गरि सहयोग गरिदिनु हुन अनुरोध छ । पुनश्च: रगत नभएको अवस्थामा रगत उपलब्ध गराउन रक्त संचार सेवा केन्द्र बाध्य हुनेछैन ।

**थप जानकारीको लागि फोन: ९८५१२३६९४८/९८५१०९२९४८**

# वडा द्वारा सञ्चालित शव वाहन




जन्म पछि मृत्यु हुन्छ यो ठूलो कुरा होइन। तर मृत्यु पश्चात लासलाई चिहानसम्म पुऱ्याउने काम परिवारको लागि महाभारत हो। त्यसैले वडामा स्थायी बसोबास गर्ने कोही कसैलाई पनि यस्तो समस्या नहोस भनि वडाबाट निःशुल्क शव-वाहनको व्यवस्था गरी आएकाछौं। दुःखसाथ भन्नुपर्छ ड्राइभर राख्न नसकेका कारण वडा समितिका सदस्यहरुबाट चलाई बिहान ७ वजेदेखि बेलुका ७ बजेसम्ममात्र सुविधा दिन सकेकाछौं। त्यस्को लागि क्षमाप्रार्थी छौं। सु-सूचितको लागि ३५ दिनभित्र मृत्यु दर्ता गर्न आएमा रु. २,०००/- सहयोग स्वरुप दिने व्यवस्था गरेकाछौं।

“आफूले टेक्ने धर्ती मजबुत भए आफू मजबुत हुन्छ।”


# वातावरण सुधारको लागि विद्युतीय साधन



३ नं. वडा पाटनढोका देखि बागमती खोलासम्म लामो आकारमा अवस्थित छ । खोला छेउ वा चक्रपथबाट वडासम्म आउन आधा घण्टा लाग्छ । बृद्ध, बृद्धाहरुको लागि त झन गाह्रो हुन्छ । त्यही सोचेर विद्युतिय गाडी चलाउँदा सबै वडाबासीहरुको लागि सहज होला भन्ने हेतुले वडा बजेटबाट खरिद गरी संचालनमा ल्याएकाछौं । यो ८ सिटर हो । दिनको जेट चलाउने ड्राइभरको काम भएन भने बिहान १०, दिउँसो १२ र २ बजे वडाको सिमाना हुँदै चल्छ ।

"ब्यक्तिगत चिन्तनले दुर्गति निम्त्याउँछ ।"


# हाम्रो प्रयोगशाला




वडाका स्थायी बासिन्दाहरुको लागि सहुलियत दरमा स्वास्थ्य परीक्षण गर्न हाम्रो प्रयोगशाला संचालनमा ल्याउन लागेको हो । शरीरका सबै अंगहरु नियमित रुपमा परीक्षण गराउनु पर्छ भन्ने भावना जगाउनको लागि हाम्रो प्रयोगशाला स्थापना गर्न लागिएको हो ।

“समन्वय, सहमति र सहकार्य नै राजनैतिक संस्कार हो ।”

# अपाङ्गमैत्री बडापत्र



वडाबासीहरुले सिफारिस लिन आउँदा के के कागजातहरु लिएर आउने ? कति समयमा काम सम्पन्न गरी दिने ? र कति लाग्छ भन्ने जानकारी शुरु वर्षमा नै पुस्तक छापी घर घरमा पुऱ्याउने काम वडा समितिले गरेकाछौं । तर अपाङ्गता भएका व्यक्तिको लागि चिन्ह भएको, स्वर आउने डिस्प्ले बोर्डको माध्यमद्वारा दिने सेवा अपाङ्गमैत्री बडापत्र राखेकाछौं ।

"प्रस्तावित बाटो (GLD) चेक गरी मात्र जग्गा खरिद गर्नु होला ।"

# JETTING, RODDING
# &
# GRABBING MACHINE




ललितपुर महानगरपालिकाको लागि अति आवश्यक जेट मेशिन हो । हामी सबैलाई थाहा छ मात्र जेट मेशिन । तर होइन, यो मेशिन ढल धुलोले जाम भयो भने पानी छ्यापी खोल्ने जेटिङ्ग हो भने, ठूल-ठूला सामानहरु अड्केर जाम भएको खोल्न रोडिङ्ग छ भने २० फिटसम्म तल मंगाल भित्रको फोहोर निकाल्न ग्याबिङ्ग मेशिन छ जुन अति उपयोगी छ । यो नेपालको लागि पहिलो मेशिन हो ।

“सादा जीवन उच्च विचार, मेरो पहिचान हाम्रो राष्ट्रियता ।”

# फोहर संकलन ट्रक




वडा समितिको आह्वानमा प्रत्येक घरबाट निस्कने फोहोरलाई श्रोतमै वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरलाई दिन मिलाएर संकलन गर्ने व्यवस्था गरिनेछ । नकुहिने फोहोरलाई मेशिनको माध्यमबाट सामान बनाउन प्रयोग गरिनेछ भने कुहिने फोहोरलाई मेशिनको प्रयोग गरी मल बनाउन पहल गरिनेछ ।




# सूचना !

राष्ट्रिय परिचयपत्रका निम्ति आवेदन दिएर राष्ट्रिय परिचय नम्वर (National Identity Number) प्राप्त नगर्नु भएको खण्डमा देहायका नम्वरमा कार्यालय समय भित्र WhatsApp र Viber मा Confirmation Page/Receipt को फोटो खिची पठाउनुहुन अनुरोध छ ।

| Viber: | WhatsApp: |
|---|---|
| +977 9851316034 | +977 9851316034 |
| +977 9851316035 | +977 9851316035 |

"भगवान त्यहाँ छ, जहाँ तपाईको मन छ ।"

ललितपुर महानगरपालिका
३ नं. वडा कार्यालयको
स्वरोजगार कार्यक्रम अन्तर्गत सञ्चालित

## सफा, भोज्य र शक्तिवर्धकका लागि

# हाईजेनिक वार्ड म: म:



**पुल्चोक, ललितपुर, फोन नं. ९८४१४३३४६९**

ललितपुर महानगरपालिका
३ नं. वडा कार्यालयको
स्वरोजगार कार्यक्रम अन्तर्गत सञ्चालित

- वडा खाद्य स्टोर – पुल्चोक ९८४१५५०५९५
- वडा खाद्य स्टोर – धोविघाट ९८९१२०९१६४
- पप्स केक – पुल्चोक ९८४३७६८९७९
- हाईजेनिक वार्ड म: म: – पुल्चोक ९८४१४३३४६९
- आर.के.सुज (सुपथ मूल्य पसल) – ज्वागल ९८६५५५३५४४
- स्वस्थ्यकर प्याकेट मसला – पुल्चोक ९८४१३५५८३८

**Web: lmcityward3.com, Apps: lmcity ward 3**
**facebook: ललितपुर महानगरपालिका वडा नं. ३**

**फोन नं. ९८५१०९२९४८**

"सही बिचार, सही नीति र सही कार्यदिशाको लागि एकनै काफी हुन्छ ।"

# लामोचौरको प्रस्तावित ढाँचा




सार्वजनिक जग्गा संरक्षण गर्ने हेतुले लामोचौरमा Fountain सहितको पार्क निर्माण गरेकाछौं । जुन वडाको लागि नमूना हुनेछ । साथै अरु पुरानो शान्तभवन अगाडी कुनामा शान्तभवन पार्क, पुल्चोकमा सिताको पार्क, पल्लो धोविघाटमा पनि पार्क निर्माण कार्य भई रहेकोछ ।

# वडा परिचय-पत्र

ललितपुर महानगरपालिका

Lalitpur Metropolitan City

**३ नं. वडा कार्यालय**

पुल्चोक, ललितपुर

**वडा परिचय-पत्र**

परिचयपत्र नं.: ........ मिति : ........................

घरमुलीको नाम, थरः ........................................................ ब्लड ग्रुपः ........

टोलः .......................................... घर नं. : ................ सम्पर्क नं.: .....................

परिवार संख्या

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |

आधिकारीक दस्तखत.......................

यो कार्डको दुरुपयोग गरेमा वडाबाट दिने सेवाबाट वञ्चित गरिनेछ ।

"एक घर एक परिचय-पत्र"

"जहाँ सृष्टि त्यहाँ सेवा, जहाँ सेवा त्यहाँ समाधि"

**सेवाहरू**

- शव-वाहन
- अनलाईन निवेदन
- स्वास्थ्य परामर्श सेवा
- कानुनी परामर्श सेवा
- कार्यालयमा ई-पे सेवा
- ढल सफा गर्न जेट मेसिन
- विद्यालयमा छात्रवृत्तिको व्यवस्था
- वडा खाद्य स्टोर तथा पप्स केक पसल
- वडाबाट संचालित नि:शुल्क घुम्ती यातायात सेवा
- निदानमा १०-१५% र सुमेरु सिटी २०% मेघा अस्पतालमा २५% छुटको व्यवस्था
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ बमोजिमको कार्य ।

**जानकारीको लागि**

**website :** lmcityward3.com

**Apps :** Lmcity ward 3 / **Facebook :** ललितपुर महानगरपालिका वडा नं. ३

अफिस फोन नं. ०१-५५२८१८८ मोबाईलः ९८५१२३६९४८

जन्म, बिबाह, मृत्यु, वसाइ सराई र सम्वन्ध विच्छेद ३५ दिन भित्र वडामा दर्ता गर्नु होला

नेपाली नागरिकको परिचय नेपाली नागरिकता भनेजस्तै वडाको अपनत्व के ले गर्ने त ? वडा परिचयपत्रले । यही मान्यता अनुसार ३ नं. वडामा घर भएका सबैलाई "एक घर एक परिचयपत्र" वितरण गरियो । यो कार्डको काम अपनत्व मात्र होइन, नि:शुल्क विद्युतिय गाडी चढ्न, अस्पतालमा छूट तथा जानकारीमूलक पत्रका रुपमा पनि लिन सकिन्छ ।

"घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइँ र सम्वन्ध विच्छेद) दर्ता गरौं ।"

# उपत्यकामा नदीको दायाँबायाँ छोड्नु पर्ने जग्गाको नयाँ मापदण्ड तोकियो

कुन नदीमा कति जग्गा

- बागमती २० मिटर
- विष्णुमती २० मिटर
- हनुमन्ते २० मिटर
- मनोहरा २० मिटर
- धोबीखोला ९ मिटर
  (आयोजना लागू भएकोमा आयोजनाले तोके अनुसार)
- नख्खुखोला १२ मिटर
- बल्खु १२ मिटर
- कर्मनासा (कोड्कु १२ मिटर
- साङ्लेखोला १२ मिटर
- महादेवखोला १२ मिटर
- करखुसी खोला ६ मिटर
- इच्छुमती ४ मिटर
- सामाखुसी ४ मिटर
- बाँकी अन्य खोला ४ मिटर

# नेवाः नखः चखः

वैशाख - आमाको मुख हेर्ने, मच्छिन्द्रनाथ रथारोहण

जेठ - बुद्ध जयन्ती

असार - सिथि नखः

साउन - गथांमुगः चःह्रे

भदौं - क्वाटी पूर्णि/बुबाको मुख हेर्ने

असोज - मोहनी

कार्तिक - म्ह पूजा/नेपाल सम्वत

मंसिर - बाला चःह्रे

पुष - योमरी पुन्हि

माघ - ध्यु चाकु सलु

फागुन - फागु पुन्हि

चैत्र - घोडे जात्रा

**ज्येष्ठ नागरिकको सम्मान गरौं**
**सभ्यताको परिचय दिऔं ।**

- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सिप र क्षमताको उपयोग गरौं
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिक मैत्री वातावरण निर्माण गरौं ।

**सभ्यताको परिचय दिऔं ।**

"समय सापेच परिवर्तन हुन सक्नु नै मानव अस्तित्वको जगेर्ना हो ।"

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
## पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

# JANUARY 2022
पुस / माघ २०७८

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| त्रयोदशी 30 १६ | चतुर्दशी 31 १७ | | | | | चतुर्दशी 1 १७ |
| औंशी 2 १८ | प्रतिपदा 3 १९ | द्वितीया 4 २० | तृतीया 5 २१ | चतुर्थी 6 २२ | पञ्चमी 7 २३ | षष्ठी 8 २४ |
| सप्तमी 9 २५ | अष्टमी 10 २६ | नवमी 11 २७ | दशमी 12 २८ | एकादशी 13 २९ | द्वादशी 14 ३० | त्रयोदशी 15 माघ १ |
| चतुर्दशी 16 २ | पूर्णिमा 17 ३ | प्रतिपदा 18 ४ | द्वितीया 19 ५ | द्वितीया 20 ६ | तृतीया 21 ७ | चतुर्थी 22 ८ |
| पञ्चमी 23 ९ | सप्तमी 24 १० | अष्टमी 25 ११ | नवमी 26 १२ | दशमी 27 १३ | एकादशी 28 १४ | द्वादशी 29 १५ |

1 English New Year 2022, 3 Tol Lohsar, 11 Prithivi Jayanti/Rastriya Ekata Diwas, 15 Maghe Sankranti/Maghi Prava, 17 Swosthani Barta Starts, 30 Martyr's Day

"संस्कृतिसंगै संस्कार सिकौं ।"

# पुच्वः थुर (अशोक स्तूप)



ईशापूर्व तेस्रो शताव्दीका मौर्य सम्राट अशोक (२७२-२३२ई.पू.) ले ललितपुर (पाटन) शहरको चार दिशामा चतुर्युगोदय प्रतिक स्वरुप शाक्यमुनि बुद्धको अस्थिधातु गर्भमा राखी चारवटा थूरहरु (स्तूप) निर्माण गरेका थिए। त्यस समय उपत्यकामा चौधौं किराँती राजा स्थुंकोको राज्यकाल थियो। सत्ययुग उदय भएको पवित्र दिनको संस्मरणमा पहिलो थुर पुल्चोकमा निर्माण गरेका थिए। जुन "पुच्वः थुर" को नामले प्रसिद्धित छ। त्रेतायुगको प्रतिक तेता थुर (ईमाडोल), द्वापरयुगको प्रतिक ईबही थुर (ईबही) र कलियुगको प्रतिक लगं थुर (लगनखेल) मा निर्माण गरेका थिए।

पुच्वः थुरको चार दिशामा रहेको पञ्चबुद्ध मध्येका चार ध्यानि बुद्धहरु (पूर्वः अक्ष्योभ्य, दक्षिणः रत्नसम्भव, पश्चिमः अमिताभ र उत्तरः अमोघसिद्धि। मध्य भागः वैरोचन बुद्ध जसको मूर्ति राखिएको छैन्) का प्रस्तर मूर्तिहरु वि.सं.१५१२ (ई.सं.१४५५) मा प्रतिस्थापित गरिएका हुन्। वि.सं.१६१७ (ने.सं.६८१) र वि.सं.२०१६ (ई.सं.१९५९) मा थूर जिर्णोद्वार गरेको अभिलेख पाइन्छ। त्यस्तै वि.सं.२०७२ को महाभुकम्पबाट थूरको चर्किएको त्रयोदश भूमि ललितपुर महानगरपालिका तथा अन्य श्रद्धालु भक्तजनहरुको आर्थिक सहयोगबाट पुननिर्माण गरिएको थियो। रक्षेश्वर महाविहारसंग सम्बन्धित चार शाक्य परिवारबाट दैनिक नित्यपूजा चलाउँदै आईरहेका छन्। प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमा (गुन्ह पून्हि/जनै पूर्णिमा) का दिन गुठिबाट वर्षधन (बुसधँ) पूजाको आयोजना हुन्छ। यशोधर महाविहार (बुबहाः) का बज्राचार्य गुरुजुबाट पूजा गर्ने गरिन्छ भने जजमान पुल्चोकका श्रेष्ठ (मलेकू) परिवारबाट बसिन्छ।

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## FEBRUARY 2022
माघ / फागुन २०७८

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | औंशी 1 १८ | प्रतिपदा 2 १९ | द्वितीया 3 २० | तृतीया 4 २१ | चतुर्थी 5 २२ |
| पञ्चमी 6 २३ | षष्ठी 7 २४ | सप्तमी 8 २५ | अष्टमी 9 २६ | नवमी 10 २७ | दशमी 11 २८ | एकादशी 12 २९ |
| द्वादशी 13 फागुन १ | त्रयोदशी 14 २ | चतुर्दशी 15 ३ | पूर्णिमा 16 ४ | प्रतिपदा 17 ५ | द्वितीया 18 ६ | तृतीया 19 ७ |
| चतुर्थी 20 ८ | पञ्चमी 21 ९ | षष्ठी 22 १० | सप्तमी 23 ११ | अष्टमी 24 १२ | नवमी 25 १३ | दशमी 26 १४ |
| एकादशी 27 १५ | त्रयोदशी 28 १६ | | | | | |

2 Sonam(Tamang) Lohsar, 6 Saraswati Puja (Education Institute Holiday), 16 Swosthani Barta Ends, 19 Democracy Day

“विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च रोकौं ।”

# अक्षयेश्वर महाविहार



अक्षयेश्वर महाविहार भिक्षु अक्षयश्रीले बनाएका थिए। यो विहार लिच्छवि राजा वृषदेवको पालामा बनाएका थिए। यस विहारलाई जनबोलिमा "पूच्व थथुबही", "पूच्व च्वय्बही" पनि भन्ने गरिन्छ। रक्षेश्वर महाविहारमा रहेको लिच्छवि लिपिमा बुद्ध स्तुति अंकित मण्डला अक्षयेश्वर महाविहारका हुन्। यो मण्डलाको आधारमा विहार लिच्छविकालमा बनाएको प्रमाणित हुन आऊँछ। कालक्रममा अक्षयेश्वर महाविहार भग्नावशेष अवस्थामा पुगकोले उक्त मण्डल रक्षेश्वर महाविहारमा सुरक्षार्थ राख्न लगिएको हुनसक्दछ। पाताल अवस्थामा रहेको विहारलाई "बौद्ध विहार संघ" को नेतृत्वमा वि.सं.२०४५ सालमा चार तल्ले पेगोडा शैलीमा पुनर्निर्माण गरी स्व. राजा श्री ५ विरेन्द्र वीर विक्रम शाहदेवको बाहुलिबाट समुद्घाटन गरिएको थियो। यस विहारमा कोहिपनि संघ सदस्यहरु छैनन्। रक्षेश्वर महाविहारका पाँच परिवारका संघ सदस्यहरुबाट एक-एक महिना पालो गरी प्रत्येक दिन बिहान नित्यपूजा चलाउँदै आइरहेका छन्। यस विहार सम्बन्धि प्राप्त सबैभन्दा पुरानो अभिलेख वि.सं.१३१० (ने.सं.३७३) को रहेको छ। विहारको मूल गन्धुरी देवताको रुपमा अक्ष्योभ्य बुद्ध विराजमान गरिएको छ।

# ललितपुर महानगरपालिका

# ३ नं. वडा कार्यालय

## पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

# MARCH 2022

फागुन/चैत्र २०७८

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | चतुर्दशी 1 १७ | औंशी 2 १८ | प्रतिपदा 3 १९ | द्वितीया 4 २० | तृतीया 5 २१ |
| चतुर्थी 6 २२ | पञ्चमी 7 २३ | षष्ठी 8 २४ | सप्तमी 9 २५ | अष्टमी 10 २६ | नवमी 11 २७ | दशमी 12 २८ |
| दशमी 13 २९ | एकादशी 14 ३० | द्वादशी 15 चैत्र १ | त्रयोदशी 16 २ | चतुर्दशी 17 ३ | पूर्णिमा 18 ४ | प्रतिपदा 19 ५ |
| द्वितीया 20 ६ | तृतीया 21 ७ | चतुर्थी 22 ८ | पञ्चमी 23 ९ | सप्तमी 24 १० | अष्टमी 25 ११ | नवमी 26 १२ |
| दशमी 27 १३ | एकादशी 28 १४ | द्वादशी 29 १५ | त्रयोदशी 30 १६ | चुतर्दशी 31 १७ | | |

1 Maha Shivaratri, 3 Gyalpo Lhosar, 8 Women's Day, 17 Holi, 18 Terai Holi

"सोह्र वर्ष उमेर पुरा भएपछि नागरिकता बनाऔं ।"

# रक्षेश्वर महाविहार



रक्षेश्वर महाविहार अक्षयेश्वर महाविहार निर्माण गर्ने अक्षयश्रीका भाइ रक्षयश्रीले निर्माण गरेका थिए। यस विहारलाई "पूच्व क्वथुबही", "पूच्व क्वय्बही" को नामले पनि चिनिन्छ। यस विहारमा रहेको लिच्छवि लिपि अंकित बुद्ध स्तुति भएको ढुंगाको मण्डलबाट विहार लिच्छविकालमा निर्माण गरिएको प्रमाणित हुनआउँछ। यो मण्डल अक्षयेश्वर महाविहार भग्नावशेषमा अवस्थामा पुगेपछि त्यस विहारबाट सुरक्षार्थ यहाँ ल्याइएको थियो। "रक्षेश्वर महाविहार संरक्षण समिति"को पहलमा वि.सं.२०५५ सालमा ललितपुर नगरपालिका लगायत अन्य दाताहरुको सहयोगमा वर्तमान तीन तल्ले स्वरुपमा विहार पुनर्निर्माण गरिएको थियो। विहारको मूल गन्धुरी देवता भविष्यव्याकरण मुद्रामा शाक्यमुनि बुद्ध विराजमान रहेको छ। विहारका कुल ११२ संघ सदस्यहरुले एक-एक महिना पालो गरी प्रत्येक दिन बिहान विहारमा नित्यपूजा चलाऊँदै आईरहेका छन्। त्यस्तै पञ्चस्थविर आजुहरु (विहारका पाँच जेष्ठ संघ सदस्यहरु)बाट विहारका अन्य प्रमुख धार्मिक क्रियाकलापहरु संचालन गर्दै आईरहेका छन्। विहारको मूल प्रवेश द्वारको दायाँ पट्टि प्रतिस्थापित महाँकाल मूर्तिको पादमा लेखिएको वि.सं.१५०९ (ने.सं.६७२) को अभिलेख नै अहिलेसम्म प्राप्त विहारको सबैभन्दा पुरानो अभिलेख हुन्।

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## APRIL 2022
चैत्र २०७८/बैशाख २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | | | | औंशी 1 १८ | प्रतिपदा 2 १९ |
| द्वितीया 3 २० | तृतीया 4 २१ | चतुर्थी 5 २२ | पञ्चमी 6 २३ | षष्ठी 7 २४ | सप्तमी 8 २५ | अष्टमी 9 २६ |
| नवमी 10 २७ | दशमी 11 २८ | एकादशी 12 २९ | द्वादशी 13 ३० | त्रयोदशी 14 बैशाख १ | चतुर्दशी 15 २ | पूर्णिमा 16 ३ |
| प्रतिपदा 17 ४ | द्वितीया 18 ५ | तृतीया 19 ६ | चतुर्थी 20 ७ | पञ्चमी 21 ८ | षष्ठी 22 ९ | सप्तमी 23 १० |
| अष्टमी 24 ११ | नवमी/दशमी 25 १२ | एकादशी 26 १३ | द्वादशी 27 १४ | त्रयोदशी 28 १५ | चतुर्दशी 29 १६ | औंशी 30 १७ |

1 Ghode Jatra(Valley Holiday), 7 World Health Day, 9 Chaite Dashain, 10 Ram Nawami, 14 Nepali New Year 2079, 24 Loktantra Diwas

"१८ वर्ष पुगेका सबैले फोटो सहितको मतदाता परिचयपत्र लिने गरौं ।"

# वज्रयोगिनी मन्दिर



नेपाल मण्डल वज्रयान परम्परामा काठमाडौं उपत्यकालाई चार योगिनीहरुबाट सुरक्षित रहेको अवधारणा पाईन्छ । ती चार योगिनीहरु पूर्वमा साँखु वज्रयोगिनी (खड्गयोगिनी), पश्चिममा विद्याधरीयोगिनी (विजयश्वरी/आकाशयोगिनी), उत्तरमा नैरात्मायोगिनी (गुह्यश्वरीयोगिनी) र दक्षिणमा वज्रयोगिनी हुन् । पुल्चोकको दानागिरी पर्वतमा विराजमान भएकी वज्रयोगिनी देवी वज्रयान बौद्ध परम्परा अनुसार साँखु वज्रयोगिनी देवीको मन्त्र शोधन गरी प्रतिस्थापना गरिएकी देवी हुन । यस वज्रयोगिनी देवी "खड्गयोगिनी" र "उग्रतारा" को नामले पनि प्रसिद्धित रहेको छ । हिन्दू धर्मको (शक्ति परम्परा अन्तर्गत) दशमहाविद्या देवीहरुमा वज्रयोगिनीलाई "तारा"को रुपमा पूजा गर्ने गरिन्छ । विध्नवाधा, डर, त्रास, अग्निभय आदिबाट सुरक्षा गर्ने देवीको रुपमा वज्रयोगिनीलाई पूजा गरिन्छ । वि.सं.२०३६ सालमा चोरी भएको वज्रयोगिनीको मूर्ति वि.सं.२०३७ सालमा "श्री खड्गयागिनी उद्धार समिति" को पहलमा माटोको मूर्ति नवनिर्माण गरी पुन:स्थापना गरिएको थियो । बाह्र जना बज्राचार्य गुरुजुहरुबाट चौध दिनसम्म पूजापाठ यज्ञ होम गरी मूर्ति पुन:स्थापना गरेका थिए । यस मन्दिरमा यशोधर महाविहार (बुबाहा) का बज्राचार्य गुरुजुबाट दैनिक नित्यपूजा चलाऊँदै आईरहेको छ । वि.सं.१८३९ (ने.सं.१००२) को अभिलेख नै वज्रयोगिनी देवी मन्दिरको अहिलेसम्म प्राप्त सबैभन्दा पुरानो अभिलेख रहेको छ । वज्रयोगिनी देवीको वर्तमान गुम्बज शैली मन्दिर मल्लकालमा निर्माण गरिएका हुन । वि.सं.२०७२ को महाभुकम्पबाट मन्दिर नराम्रै क्षति हुन पुगेको थियो । स्थानियहरुको आर्थिक सहयोगमा जिर्णोद्वार गरिएको थियो ।

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## MAY 2022
बैशाख/जेठ २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| प्रतिपदा 1 १८ | द्वितीया 2 १९ | तृतीया 3 २० | तृतीया 4 २१ | चतुर्थी 5 २२ | पञ्चमी 6 २३ | षष्ठी 7 २४ |
| सप्तमी 8 २५ | अष्टमी 9 २६ | नवमी 10 २७ | दशमी 11 २८ | एकादशी 12 २९ | द्वादशी 13 ३० | त्रयोदशी 14 ३१ |
| चतुर्दशी 15 जेठ १ | पूर्णिमा 16 २ | प्रतिपदा 17 ३ | द्वितीया/तृतीया 18 ४ | चतुर्थी 19 ५ | पञ्चमी 20 ६ | षष्ठी 21 ७ |
| सप्तमी 22 ८ | अष्टमी 23 ९ | नवमी 24 १० | दशमी 25 ११ | एकादशी 26 १२ | द्वादशी 27 १३ | त्रयोदशी 28 १४ |
| चतुर्दशी 29 १५ | औंशी 30 १६ | प्रतिपदा 31 १७ | | | | |

1 International Labour Day, 3 Akshya Tritiya, 16 Buddha Jayanti, 29 Ganatantra Diwas

"बच्चा ६ महिना पुरा भएपछि सर्वोत्तम लिटो बनाएर खुवाउने गरौं ।"

# धनञ्जयेश्वर महादेव



अक्षेश्वर महाविहारको दक्षिण पट्टि धनञ्जयेश्वर महादेवको मन्दिर रहेको छ । यस महादेवलाई पञ्चमुखी महादेव पनि भनिन्छ । विश्वशान्ति भगवत् भजनाश्रमको पहलमा मन्दिर पुनःनिर्माण गरी नयाँ मूर्ति करीव पैतिस वर्ष अघि प्रतिस्थापना गरिएको थियो । लिच्छविकालीन मन्दिर भग्नावशेष अवस्थमा पुगेपछि सुनसान घनाजल विचमा रहेको पूरानो धनञ्जयेश्वर महादेवको मूर्ति पछि स्थानीयवासीहरुले पुल्चोक, झनाख्यःको मण्डः फल्चा (पाटी) को उत्तर दिशामा प्रतिस्थापित गरेका थिए । कालो, चिल्लो प्राकृतिक प्रस्तर मूर्तिलाई हेर्दा मूर्ति निकै प्राचिन कालमा निर्माण भएको देखिन्छ ।

“सिप र पौरखलाई बन्धक राखी अर्काको भरमा बाच्न खोज्नु जिन्दगीको अन्त्य निम्त्याउनु हो ।”

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
## पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

# JUNE 2022
जेठ/असार २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | | द्वितीया 1 १८ | तृतीया 2 १९ | चतुर्थी 3 २० | पञ्चमी 4 २१ |
| षष्ठी 5 २२ | सप्तमी 6 २३ | अष्टमी 7 २४ | नवमी 8 २५ | दशमी 9 २६ | एकादशी 10 २७ | द्वादशी 11 २८ |
| त्रयोदशी 12 २९ | पूर्णिमा 13 ३० | पूर्णिमा 14 ३१ | प्रतिपदा 15 असार १ | द्वितिया 16 २ | तृतीया 17 ३ | चतुर्थी 18 ४ |
| पञ्चमी/षष्ठी 19 ५ | सप्तमी 20 ६ | अष्टमी 21 ७ | नवमी 22 ८ | दशमी 23 ९ | एकादशी 24 १० | द्वादशी 25 ११ |
| त्रयोदशी 26 १२ | चतुर्दशी 27 १३ | औंशी 28 १४ | औंशी 29 १५ | प्रतिपदा 30 १६ | | |

5 World Environment Day, 12 Children's Day, 14 World Blood Donation Day,
29 Rastriya Dhan Diwas

"वडा समितिको चाहना – "गाँस, बास र कपास" ।"

# बिष्णु देवी



वैष्णवी भगवान विष्णुको शक्ति हुन् । शाक्त परम्पराका प्रमुख देवी वैष्णवीलाई ब्रम्हाण्ड शक्तिको रुपमा लिइन्छ । वैष्णवी देवीलाई अष्टमातृका देवीको दोस्रो स्थानमा राखिएको छ । वैष्णवी देवीको मन्दिर धःमा फल्चाको दक्षिण पट्टि भुईतल्ले मन्दिर भित्र सादा ढुङ्गाको रुपमा अवस्थित छ । यो मन्दिर सयौं वर्ष अगाडि स्थापना भएको देखिन्छ । हालको नख्खु खोला पहिले पुल्चोकबाट बग्ने गर्दथे र पछि खोला विस्थापित भएपछि मल्ल राजा वरदेवले ललितपुर नगरलाई व्यवस्थित गर्ने क्रममा पुल्चोकको वैष्णवी देवीलाई नख्खु खोला नजिकै सारेको भाषा वंशावलीमा उल्लेख भएको पाईन्छ ।

“श्रेष्ठताको अस्तित्व परिस्थितिमा होइन विचारमा हुन्छ ।”

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## JULY
असार / साउन २०७९

## 2022

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| तृतीया 31 १५ | | | | | द्वितीया 1 १७ | तृतीया 2 १८ |
| चतुर्थी 3 १९ | पञ्चमी 4 २० | षष्ठी 5 २१ | सप्तमी 6 २२ | अष्टमी 7 २३ | नवमी 8 २४ | दशमी 9 २५ |
| एकादशी 10 २६ | द्वादशी 11 २७ | त्रयोदशी / चतुर्दशी 12 २८ | पूर्णिमा 13 २९ | प्रतिपदा 14 ३० | द्वितिया 15 ३१ | तृतिया 16 ३२ |
| चतुर्थी 17 साउन १ | पञ्चमी 18 २ | षष्ठी 19 ३ | सप्तमी 20 ४ | अष्टमी 21 ५ | नवमी 22 ६ | दशमी 23 ७ |
| एकादशी 24 ८ | द्वादशी 25 ९ | त्रयोदशी 26 १० | चतुर्दशी 27 ११ | औंशी 28 १२ | प्रतिपदा 29 १३ | द्वितीया 30 १४ |

11 World Population Day, 13 Guru Purnima

"तेरो मेरो होइन हाम्रो भन्न सिकौं ।"

# युलाखेल (युलाख्यः)



पुल्चोकबाट जर्को हूँदै सानेपा चक्रपथ जाने मूल सडकको छेउमा रहेको खुल्ला चौर (मैदान) "युलाखेल" नामले चिनिन्छ। युलाखेल वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथ (बुङ्द्यः)संग सम्बन्धित ऐतिहासिक स्थल हो। यहाँ मच्छिन्द्रनाथको प्रतिकात्मक सादा ढुँगाको मूर्ति स्थापना गरी फलामे बारले घेरिएर राखिएको छ। मूर्तिको ठीक अगाडि पोखरी रहेको छ। जसलाई "बुङ्द्यः पुखु (बुङ्देवता पोखरी)" भनिन्छ। पुल्चोकका वासिन्दाहरुले श्रावण शुक्ल चतुर्दशीका दिन पुल्चोक लाछिमा बनाएको गठांमुगः (घण्टाकर्ण)लाई घिसारेर तानेर ल्याई यस बुङ्द्यः पुखुमा विसर्जन गर्ने गरिन्छ। प्रत्येक वर्ष मच्छिन्द्रनाथको रथ पुल्चोकमा निर्माण गरी रथ यात्रा आरम्भ गर्ने गरिन्छ र जावलाखेलमा ल्याएर भोटो जात्रा पश्चात् जात्रा समापन गर्ने गरिन्छ। तर १२ वर्षमा एकपटक रातो मच्छिन्द्रनाथको रथ बुङ्मतीमा निर्माण गर्ने गरिन्छ। साथै रथ यात्रा बुङ्मतीबाट आरम्भ गरी पुनः बुङ्मतीमा नै लगी रथ यात्रा समापन गर्ने परम्परा रहेको छ। बुङ्मतीबाट रथ तान्ने क्रममा भैंसेपाटि - नख्खु - भणिमण्डल - धोविघाट हुँदै युलाखेलमा ल्याईन्छ। युलाखेललाई राक्षेस राक्षेसीहरुको वासस्थानको रुपमा लिइन्छ। राक्षेसहरुले मच्छिन्द्रनाथलाई फर्काएर लगिन्छ कि भन्ने डरले युलाखेलमा रथलाई रात कटाउन हुन्न भन्ने चलन रहेको छ। त्यसैले मच्छिन्द्रनाथको रथ ल्याईपुऱ्याएकै रातमा रथलाई युलाखेल परिक्रमा गराई पुल्चोकमा तानेर लगिन्छ। राक्षेस राक्षेसीहरुले रथ यात्राको रौनक, होहल्ला थाहानपाउन भन्ने हेतुले होस्टे हैंस्ट नभनी सुतुक्क शान्त वातावरणमा रथ तान्ने गरिन्छ। कुनैपनि प्रकारको बाजा बजाउन पूर्ण निषेधित गरेको हुन्छ। पुल्चोकबाट साबिक बमोजिम रथ यात्रा गरी बुङ्मतीमा तानेर लगिन्छ।

"लोकतन्त्र परिणाम होइन, विधिको कार्यान्वयन हो।"

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## AUGUST 2022
साउन/भदौ २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | चतुर्थी 1 १६ | पञ्चमी 2 १७ | षष्ठी 3 १८ | सप्तमी 4 १९ | अष्टमी 5 २० | नवमी 6 २१ |
| दशमी 7 २२ | एकादशी 8 २३ | द्वादशी 9 २४ | त्रयोदशी 10 २५ | चतुर्दशी 11 २६ | पूर्णिमा 12 २७ | द्वितीया 13 २८ |
| तृतीया 14 २९ | चतुर्थी 15 ३० | पञ्चमी 16 ३१ | षष्ठी 17 भदौ १ | सप्तमी 18 २ | अष्टमी 19 ३ | नवमी 20 ४ |
| दशमी 21 ५ | एकादशी 22 ६ | एकादशी 23 ७ | द्वादशी 24 ८ | त्रयोदशी 25 ९ | चतुर्दशी 26 १० | औंशी 27 ११ |
| प्रतिपदा 28 १२ | द्वितीया 29 १३ | तृतीया 30 १४ | चतुर्थी 31 १५ | | | |

2 Naag Panchami, 13 Gai Jatra (Valley Holiday), 19 Shree Krishna Janmaasthami, 30 Teej

"संसार बदल्ने एउटै उपाय – "पहिला आफू बदलौं" ।"

# हासापोता गणेशस्थान, झम्सिखेल



हासापोता गणेश मन्दिर झम्सिखेल चोकबाट बखुँडोल जाने मूल सडकमा अवस्थित छ। यो पाटनका नेवार समुदायको दिगुद्यः (कुलदेवता)को रुपमा मल्लकालमा स्थापित गणेशको मूर्ति हुन्। सादा प्राकृतिक ढुङ्गामा श्री गणेशको प्राण प्रतिष्ठा गरी स्थापित यो गणेश पश्चिमाभिमुख रहेको छ। वि.सं.२००१ सालमा शंकर शमशेर जबरा र वि.सं.२०३३ सालमा ल.पु वडा नं. २ र ३ निवासीहरुबाट मन्दिर जिर्णोद्वार गरिएको एउटै शिलालेखमा उल्लेख गरी मन्दिरको दायाँ पट्टिको भित्तामा राखिएको छ। हालको दुई तल्ले पागोडा शैली हासापोता गणेश मन्दिर "हाँसापोता गणेश धार्मिक व्यवस्था समिति"को पहलमा वि.सं.२०७५ सालमा पुननिर्माण गरेका थिए। एक समयमा ल्हासा (तिब्बत) मूलका एकजना बौद्ध लामा भिक्षु हालको हासापोता गणेश स्थानमा बौद्ध चैत्य स्थापना गरी ल्हासाको "पोताला दरबार" प्रतिविम्बित हुने गरी विहार निर्माण गर्ने महान उद्देश्यका साथ ध्यान बसेका थिए। तर आफ्नो इच्छा पूरा नहुँदै उहाँको देहान्त भयो। "ल्हासा पोताला दरबार" बनाउन लागेको पवित्र ठाउँ भएकोले यो स्थान "ल्हासापोताला"को नामले प्रख्यात हुन गए। "ल्हासापोताला" शब्द अपभ्रंश भई "हासापोता", "हाँसापोता" हुन गएको देखिन्छ। हासापोता गणेश मन्दिरको अगाडि लिच्छविकालीन प्राचिन चैत्यको अवशेष राखिएको छ। यसबाट यो स्थानमा प्राचिन समयमा बौद्ध स्मारकहरु रहेको अनुमान गर्न सकिन्छ। हाल मन्दिर परिसरमा यज्ञ मण्डप (वि.सं.२०७८), प्रस्तरको नवदुर्गा भगवती मूर्तिहरु, शिवलिङ्ग आदि रहेको छ। मन्दिरको पछाडि कलात्मक चार कवल भएको दुई तल्ले सत्तल/पाटि रहेको छ। त्यस्तै मन्दिरको बायाँ पट्टि दुई तल्ले सत्तल (भजन घर) बनाएको छ। मन्दिरमा रहेका घण्टाहरु मध्ये सबैभन्दा पुरानो वि.सं.१९९२ को रहेको छ। हिरण्यवर्ण महाविहारबाट आयोजना हुने "दिपंखा यात्रा"मा हासापोता गणेश मन्दिर पनि समावेश भएको पाइन्छ। यो पर्वको आयोजना हुन एकैदिनमा पाँचवटा संयोग मिल्नुपर्ने हुन्छ। (१.संक्रान्ति २.पूर्णिमा ३.रेवति नक्षत्र ४.हर्षन योग ५.चन्द्र ग्रहण)। पछिल्लो दिपंखा यात्रा आयोजना भएको मिति वि.सं.२०६२ र वि.सं.२०७० को प्रमाण्कि मेटल पाता र मिति वि.सं.२०६० मा शंखमूल निवासी धनमय्जुमाँ दवख्य:बाट आयोजना भएको पीठ पूजाको ताम्र पाता पनि भित्तामा टाँसिएको छ।

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
## पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

# SEPTEMBER 2022
भदौ/असोज २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | | | पञ्चमी 1 १६ | षष्ठी 2 १७ | सप्तमी 3 १८ |
| अष्टमी 4 १९ | दशमी 5 २० | एकादशी 6 २१ | द्वादशी 7 २२ | त्रयोदशी 8 २३ | चतुर्दशी 9 २४ | पूर्णिमा 10 २५ |
| प्रतिपदा 11 २६ | द्वितीया 12 २७ | तृतीया 13 २८ | चतुर्थी 14 २९ | पञ्चमी 15 ३० | षष्ठी 16 ३१ | सप्तमी 17 असोज १ |
| अष्टमी 18 २ | नवमी 19 ३ | दशमी 20 ४ | एकादशी 21 ५ | द्वादशी 22 ६ | त्रयोदशी 23 ७ | चतुर्दशी 24 ८ |
| औंशी 25 ९ | प्रतिपदा 26 १० | द्वितीया 27 ११ | तृतीया 28 १२ | चतुर्थी 29 १३ | पञ्चमी 30 १४ | |

9 Indra Jatra, 26 Ghatasthapana

"वडामा व्यवसाय नवीकरण गर्दा १५ प्रतिशत छुट लिन नबिर्सनु होला।"

# भुजा फल्चाः, पुल्चोक



भुजा फल्चा पूच्वथूरको उत्तरपट्टि वसुन्धरा फल्चासंगै पुल्चोकको मूल सडकमा अवस्थित रहेको छ। यो फल्चा वि.सं.१७२० (ने.सं.७८४)मा निर्माण गरेका थिए। बुङ्गद्यःको रथ जावलाखेलमा तानेर ल्याएको दोस्रोदिन अर्थात् भोटो जात्राको अघिल्लो दिन पुल्चोकवासीले बुङ्गद्यःलाई भुजा पकाएर चढाउने परम्परा रहेको छ। पुल्चोक निवासी श्रेष्ठ (मलेकू) समुदायबाट गुठिबाट यो परम्पारालाई निरन्तरता दिंदै आईरहेका छन्। भुजा पकाउने फल्चा भएकै कारणबाट यस फल्चाको नाम "भुजा फल्चा" रहन गएको हो। पहिले भुजा पकाउन यशोधर महाविहार (बुबहाः)का बज्राचार्य गुरुजुहरु आई भुजा बनाउने गर्दथे। यस कार्यको लागि उहाँहरुलाई श्रेष्ठ समुदायबाट पारिश्रमिक पनि दिने गर्दथे। भुजाको विभिन्न आकृतिहरु बनाई अविर, फुल, ध्वजा आदिले सजावट गरी खटमा राखी बाजागाजाका साथ जात्रा गरी जावलाखेलमा लगिन्छ। प्रथमतः भुजा बुङ्गद्यःलाई चढाइन्छ र बाँकि रहेको भुजा बुङ्गद्यःको वरिपरी भूत, प्रेत, पिशाच आदिको नाममा मैदानमा छर्किन्छन्। यसरी भुजा छर्किने मैदान भएकै कारण यस खुल्ला मैदानलाई नेवारी भाषामा "जाह्वलाख्यः" भनिएको हो। "जा"को अर्थ "पकाएको भात/भुजा", "ह्वला/ह्वले"को अर्थ "छर्किने" र "ख्यः"को अर्थ मैदान"। "जाह्वलाख्यः" शब्द अप्रभंश भई "जावलाखेल" हुनपुगेको हो। भुजा पकाउने गुठिको लागि गुठि संस्थान र ललितपुर महानगरपालिकाबाट आर्थिक अनुदान प्राप्त हुने गर्दछ।

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
## पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

# OCTOBER 2022
असोज / कार्तिक २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| षष्ठी 30 १३ | सप्तमी 31 १४ | | | | | षष्ठी 1 १५ |
| सप्तमी 2 १६ | अष्टमी 3 १७ | नवमी 4 १८ | दशमी 5 १९ | एकादशी 6 २० | द्वादशी 7 २१ | चतुर्दशी 8 २२ |
| पूर्णिमा 9 २३ | प्रतिपदा 10 २४ | द्वितीया 11 २५ | तृतीया 12 २६ | चतुर्थी 13 २७ | पञ्चमी 14 २८ | षष्ठी 15 २९ |
| षष्ठी 16 ३० | सप्तमी 17 ३१ | अष्टमी 18 कार्तिक १ | नवमी 19 २ | दशमी 20 ३ | एकादशी 21 ४ | द्वादशी 22 ५ |
| त्रयोदशी 23 ६ | चतुर्दशी 24 ७ | औंशी 25 ८ | प्रतिपदा 26 ९ | द्वितीया 27 १० | तृतीया 28 ११ | चतुर्थी 29 १२ |

2 Phulpati, 3 Mahaasthami, 4 Mahanawami, 5 Bijaya Dashami, 23 Kag Puja, 24 Kukur/Laxmi Puja, 25 Maha Puja/Gobardhan Puja, 26 Bhai Tika, 30 Chhat Puja

"शिक्षा लिऔं, स्वस्थ बनौं, सिप लिऔं र समृद्धि बनौं ।"

# क्षेत्रपाल भगवती, भगवती चोक



शाक्त सम्प्रदायमा देवी वा मातृशक्तिलाई नित्य, शाश्वत् तत्वका रुपमा उपासना गरिन्छ। देवताहरुको सर्वोच्च देवत्व शक्तिमा नै निहित भएको मानिन्छ। शक्तिले देवीदेवता र प्राणीलाई जन्म दिई शक्तिको संचार गर्ने हुनाले उनलाई स्त्रीरुपमा कल्पना गरिन्छ र आमाको स्थान दिइन्छ। शक्ति सर्वव्यापी तत्व हो र उनी व्रम्हा (सृष्टिकर्ता), विष्णु (पालनकर्ता), महेश्वर (संहारकर्ता) आदिकी शक्ति भएकीले विश्वशक्तिलाई "भगवती" पनि भनिन्छ। नेपालमा प्राचीन समयदेखि नै शक्ति स्वरुपिणी देवीहरुको पूजा आराधना गर्ने प्रचलन रहेको पाइन्छ। धोबिघाट इकुहितिबाट पूर्वतर्फ झम्सिखेल-भणिमण्डल मूल सडक जोड्ने कच्चिबाटोको बायाँ पट्टि "क्षेत्रपाल भगवती मन्दिर" अवस्थित रहेको छ। सादा ढुङ्गामा भगवती माताको साधना गरी निराकार मूर्ति स्थापना गरिएको छ। मन्दिरको स्थापना कहिले भएको भन्ने स्पष्ट अभिलेख राखिएको देखिंदैन। यस भगवतीको नाम "क्षेत्रपाल भगवती" नामाकरण भएबाट यस क्षेत्रमा मानव बसोवास शुरु भएपछि मात्र भगवतीको मूर्ति स्थापना गरिएको हुनसक्दछ। भगवतीलाई यस क्षेत्रको पालनकर्ता, संरक्षक एवं शक्ति प्रदायक देवीको रुपमा पूजा आराधना गरिन्छ। विशेषतः विजया दशमीका दिन भगवती/दुर्गाको पूजा आराधना गरिन्छ। एकतल्ले भगवती मन्दिरको छाना र खम्बाहरु तामाको पाताले मोलिएको छ (वि.सं.२०६२)। भगवती मूर्तिलाई पित्तलको सप्तमुखि नागले श्रृंगारिएको छ (वि.सं.२०७२)। मन्दिर परिसरमा गणेश (वि.सं.२०६०), हनुमान, शिव (वि.सं.२०४१), नवदुर्गा भगवती (वि.सं.२०७२) आदि देवीदेवताहरु स्थापना गरिएकाछन्। मन्दिर परिसरमा रहेको सबैभन्दा पुरानो अभिलेख (वि.सं.१९९७) मन्दिरको अगाडि राखिएको घण्टामा कुंदिएको अभिलेख हो।

"सिकौं ! अरुको भरोसामा बाँच्नु कष्टकर हुन्छ।"

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## NOVEMBER 2022
कार्तिक/मंसिर २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | अष्टमी 1 १५ | नवमी 2 १६ | दशमी 3 १७ | एकादशी 4 १८ | द्वादशी 5 १९ |
| त्रयोदशी 6 २० | चतुर्दशी 7 २१ | पूर्णिमा 8 २२ | प्रतिपदा 9 २३ | द्वितीया 10 २४ | तृतीया 11 २५ | चतुर्थी 12 २६ |
| पञ्चमी 13 २७ | षष्ठी 14 २८ | सप्तमी 15 २९ | अष्टमी 16 ३० | अष्टमी 17 मंसिर १ | नवमी 18 २ | दशमी 19 ३ |
| एकादशी 20 ४ | द्वादशी 21 ५ | त्रयोदशी 22 ६ | चतुर्दशी 23 ७ | प्रतिपदा 24 ८ | द्वितीया 25 ९ | तृतीया 26 १० |
| चतुर्थी 27 ११ | पञ्चमी 28 १२ | षष्ठी 29 १३ | सप्तमी 30 १४ | | | |

20 International Children's Day

""भाषा" राष्ट्रको पहिचान हो । त्यसैले, मातृभाषा सिकौं र सिकाऔं ।"

# धोमाः फल्चाः, पुल्चोक



बुङ्गद्यःको रथ निर्माण स्थलको उत्तर तर्फ पुल्चोकको मूल सडकको पश्चिम छेउमा धःमा फल्चा अवस्थित रहेको छ। बुङ्गद्यःको रथमा प्रयोग हुने धःमा संग्रह गरिने फल्चा भएबाट यसलाई "धःमा फल्चा" भन्ने गरिएको छ। धःमालाई कर्कोटक नागराजको प्रतिकको रुपमा मानिन्छ। कर्कोटक नागराजले बुङ्गद्यः ल्याउने क्रममा राजा, तान्त्रिक आचार्य र ललित ज्यापूलाई नदी तर्न आफ्नो शरीर नदीमा फिजाई पूलको रुप दिई सहयोग गरेका थिए। बुङ्गद्यःको रथमा सामान्यतः एघार वर्षसम्म एउटै धःमा प्रयोग गर्ने चलन छ र बाह्र वर्षमा बुङ्गमतिमा रथ निर्माण गर्ने क्रममा नयाँ धःमा प्रयोग गर्ने गरिन्छ। प्रत्येक वर्ष पुनः प्रयोग गरिने धःमालाई जात्रापछि यस फल्चामा ल्याई सुरक्षित राख्ने गरिन्छ। धःमाको आकार समान यो फल्चा लाम्चो आकारमा बनेको छ। करीब ६० फीट लम्बाई भएको फल्चामा १३ कवलहरु रहेका छन्। फल्चाको करीब आधा लम्बाई बराबरको भागमा पछाडि एक कोठा रहेको छ। उक्त कोठा बुङ्गद्यःको रथ पुल्चोकमा रहेसम्म पानेजुहरुले भोजन गर्न तथा रात काट्न प्रयोग गर्ने गर्दछन्। वि.सं.२०७१ मा ललितपुर उपमहानगरपालिकाको सहयोगमा "पुल्चोक टोल सुधार समिति"को पहलमा फल्चाको जिर्णोद्वार गरिएको थियो। फल्चामा हाल पाँचवटा धःमाहरु राखिएका छन्।

"सत्य र अनुशासन मनुष्यको रुप हो।"

ललितपुर महानगरपालिका

# ३ नं. वडा कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

## DECEMBER 2022

मंसिर/पुस २०७९

| Sun आइत | Mon सोम | Tue मंगल | Wed बुध | Thu बिही | Fri शुक्र | Sat शनि |
|---|---|---|---|---|---|---|
| | | | | अष्टमी 1 १५ | नवमी 2 १६ | एकादशी 3 १७ |
| द्वादशी 4 १८ | त्रयोदशी 5 १९ | त्रयोदशी 6 २० | चतुर्दशी 7 २१ | पूर्णिमा 8 २२ | प्रतिपदा 9 २३ | द्वितीया 10 २४ |
| तृतीया 11 २५ | चतुर्थी 12 २६ | पञ्चमी 13 २७ | षष्ठी 14 २८ | सप्तमी 15 २९ | अष्टमी 16 पुस १ | नवमी 17 २ |
| दशमी 18 ३ | एकादशी 19 ४ | द्वादशी 20 ५ | त्रयोदशी 21 ६ | चतुर्दशी 22 ७ | औंशी 23 ८ | प्रतिपदा 24 ९ |
| द्वितीया 25 १० | चतुर्थी 26 ११ | पञ्चमी 27 १२ | षष्ठी 28 १३ | सप्तमी 29 १४ | अष्टमी 30 १५ | नवमी 31 १६ |

1 HIV AIDS Day, 25 Christmas Day, 31 New Year Eve

"सबै मानिस महान व्यक्तित्व बन्न सक्दैन ।"

# धोबिघाट हिकुहिति (ढुङ्गेधारा)



पुल्चोकबाट झम्सिखेल हुँदै अफलडोल चक्रपथ जाने करिव मध्य क्षेत्रको भूभागलाई "धोबिघाट" भनिन्छ । धोबि (रजक)हरुको बाहुल्यता भएको यस क्षेत्रमा मगर तथा अन्य जातीहरुको पनि बसोबास रहेको पाइन्छ । लिच्छवि राजा गुणकामदेवले शहर विस्तारित गर्ने क्रममा धोबिहरुलाई यस ठाउँमा बसोबास गर्न दिएको देखिन्छ । धोबिहरुको प्रमुख पेशा लुगा धुने हो । प्राचिन धोबिघाट क्षेत्रमा दुईवटा ढुङ्गेधाराहरु छन् - (क) इकुहिति (ख) हिकुहिति । ल.पु.म.न.पा.को भौगोलिक सिमांकन अनुसार इकृहिति वडा नं ४ मा पर्दछ भने हिकुहिति वडा नं ३ मा पर्दछ । नेपाल भाषा शब्द "हिति"लाई नेपालीमा "ढुङ्धारा/धारा" भनिन्छ । (हि=बग्ने, ति=तरल/झोल) । "धोबिघाट हिकुहिति" रजकहरुको प्रमुख वस्ती भित्र पर्दछ । यहाँ तीनवटा पश्चिमाभिमुख ढुङ्गेधारहरु छन् । ढुङ्गेधाराको क्षेत्र कलात्मक दाचि ईटाले बनाइएको छ । अबिरल बग्ने पानीको टुटी (हितिमंग:/मकर) कलात्मक देखिन्छ भने यसको मुनि भगीरथको मूर्ति राखिएको छ । हितिमंग: एक पौराणिक समुन्द्रमा बस्ने जन्तु हुन् भने भगीरथ एक पौराणिक जसले स्वर्गबाट पवित्र गंगा नदीलाई पृथ्विमा ल्याएका थिए । हिति परिसरमा महादेव, गणेश, विष्णु (नारायण), शिव-पार्वती, शिवलिङ्ग आदिको मूर्तिहरु स्थापना गरिएका छन् । हितिको दक्षिण भित्तामा प्रचलित नेपाल लिपिमा वि.सं.१९४० (ने.सं.१००४)मा हिकुहिति जिर्णोद्वार गरिएको सम्बन्धमा लेखिएको शिलालेख राखिएको छ ।

# रातो मच्छिन्द्रनाथ रथ निर्माण स्थल



वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथ प्रत्येक वर्ष पुल्चोकको यस पवित्र स्थानमा निर्माण गरी मच्छिन्द्रनाथ देवता रथारोहण रथ यात्रा शुभारम्भ गर्ने गरिन्छ। यस पुण्य स्थलमा आकाश र पाताल छुने गरी तत्कालिन समयमा दिब्यरश्मी प्रकट भएको थियो भन्ने जनश्रृति रहेको पाईन्छ। बुङ्गद्यःको रथ निर्माण कार्य बुङ्गद्यःको स्नान (न्हवँ) गरेको दिनको भोलिपल्टदेखि शुरु गरिन्छ। बुङ्गद्यःको रथ निर्माण गर्ने स्थान भएबाट यस स्थानलाई "रथखेल/रथख्यः/लख्यः" भन्ने गरिन्छ। यस स्थलमा उत्तर पट्टि ऐतिहासिक पोखरी पनि रहेको छ। जसलाई "सितुंगा पुखू (पोखरी)" भनिन्छ। यस पोखरीको मध्य भागमा पीठ देवता रहेको छ भने सातवटा ईनार बनाई पानीको स्रोत बनाईएको छ। पोखरीको पानी बुङ्गद्यःको रथ बनाउने बेत (नेपाल भाषा - पौ) भिजाउन प्रयोग गरिन्छ। रातो मच्छिन्द्रनाथ "करुणामय", "पद्मपाणि लोकेश्वर", "बुङ्गद्यः" "लोकनाथ" आदि नामले पनि प्रसिद्धित रहेको पाईन्छ। बाह्र वर्षसम्म काठमाडौं उपत्यकामा वर्षा नभई अनिकाल परेको अवस्थामा भक्तपुरका राजा नरेन्द्रदेव (सातौं शताब्दी), काठमाडौंका तान्त्रिक बन्धुदत्त बज्राचार्य र ललितपुरका ललित ज्यापु मिलेर भारतको कामारुकामाक्षबाट रातो मच्छिन्द्रनाथकालाई पाटन भित्र्याईएका थिए।

"चेतनाको स्तर नै विकासको मापन हो।"

# कबिलास नासःद्यः



अक्षयेश्वर महाविहारको दक्षिण प्रवेश द्वार अगाडिको पिपल बोटको खोपामा पूजित देवता कपिलाश नासःद्यः (नुवाकोट) को मन्त्र शोधन गरी प्रतिस्थापना गरिएको कपिलाश नासःद्यः हुन। निकै पुरानो नासःद्यःको मन्दिर पिपलको बोट उम्रिएपछि पूर्ण रुपमा भत्किएको थियो। हाल पिपल बोटमा भग्नावशेष मन्दिरको ईटाको ढिस्को देख्न सकिन्छ।

नासःद्यःलाई कला क्षेत्रमा पारंगत गरिदिने, निपुणता र सिद्धि प्रदान गर्ने देवताको रुपमा पूजा गरिन्छ। नेवार समुदायमा संगीत, वाद्यवादन, नाटक आदिको प्रशिक्षण आरम्भ गर्नु अघि नासःद्यः पूजा आराधना गर्ने प्रचलन छ। त्यसैले "नाट्यश्वर", "नृत्येश्वर", "नटराज"को नामले पनि नासःद्यः प्रख्याती रहेको छ। नेवार समरदायले पूज्ने नासःद्यः प्राय निराकार हुन्छ। नासःद्यःलाई प्रतिकको रुपमा मन्दिर, आगमघर, विहार, आँगन, चोक, पाटिपौवा आदि ठाऊँका भित्ताहरुमा एक वा तीनवटा त्रिकोणात्मक दुलाको स्वरुपमा प्रतिष्ठा गरेका हुन्छन्। ती दुलोलाई नाट्यश्वरको प्रतीकको त्रीशुल र आँखाको चित्र अंकित एक पर्दा (धकिं)ले छोप्ने चलन छ।

हरेक वर्ष मङ्गलबजारको कार्तिक डबलीमा देखाईने कार्तिक नाचको मुख्य नासःद्यः नै यसलाई मानिन्छ। समय परिवर्तनसंगै यस वाणगिरी पर्वत सुनसान घनाजंङ्गलमा परिणत भएको अवस्थामा भक्तजनहरुलाई नासःद्यःको पूजापाठ तथा दर्शन गर्न असहज परिस्थिति सृजना थियो। यसै नासःद्यःको मन्त्र शोधन गरी पछि सौगल, पाटनमा कपिलाश नासःद्यःको स्थापना गरिएको जनश्रृति रहेको पाइन्छ। हाल कार्तिक नाच प्रदर्शन गर्ने क्रममा सौगलमा अवस्थित कपिलाश नासःद्यःलाई पूजा गर्ने गरेको पाइन्छ।

# पुल्चोक ढुङ्गेधारा (पूच्व ल्वहं हिति)



पुल्चोक ढुङ्गेधारा ललितपुर महानगरपालिका कार्यालयको पश्चिम पट्टि रहेको छ । यहाँ तीन तहको पेटी बनाई ढुङ्गेधारा स्थापना गरिएको छ । उत्तराभिमुख गरी दुईवटा ढुङ्गेधाराका टुटी रहेका छन् । ढुङ्गेधाराको टुटीको आधारमा ढुङ्गेधारा मल्लकालमा बनेको अनुमान गरिएको छ । ढुङ्गेधाराको मुहान ललितपुर महानगरपालिका कार्यालयको पूर्व पट्टिको पलेस्वाँ पुखू (कमल पोखरी) रहेको छ । ढुङ्गेधाराको पानीको मुहान रहेको पलेस्वाँ पुखूमा अव्यवस्थित तरिकाले संरचना निर्माण गरिएको साथै पानी बग्ने ठाऊँमा अव्यवस्थित तरिकाले घरहरु बनाइएको हुँदा ढुङ्गेधारामा पानीको प्रवाह बन्द भएको छ । ढुङ्गेधाराको तेस्रो तहको पेटीको भित्तामा सरस्वतीको आकर्षक मुर्ति स्थापना गरिएको छ । यहाँ रहेकी सरस्वतीको पूजा आराधाना गर्नाले शिल्प विद्यामा निपुणता प्राप्त हुने विश्वास गर्दछन् । यस कथनको विश्वास गरी एकपटक सरस्वतीको मूर्ति चोरी समेत भएको थियो । पछि चोरेर लगेको व्यक्तिले आफूले शिल्प विद्यामा निपुणता हासिल गरेपछि पुनः यसै स्थानमा ल्याएर राखेको भन्ने जनश्रुति रहेको छ ।

# वशिद्यः, पुल्चोक



वशिद्यः बज्रयोगिनी (खड्गयोगिनी) मन्दिरको पछाडी अवस्थित रहेको छ । स्थानीयबासीले यसलाई "जनफास्याद्यः"पनि भन्ने गरेको छ । (नेपाल भाषाः जँ= ढाड; स्या= दुखाई; द्यः= भगवान) । यस बशिद्यःलाई अदेश लगाउँदा आफ्नो ढाड दुखाई कम भएको विश्वास गरिन्छ । वशिद्यः (जनफास्याद्यः) भनियतापनि अन्य मन्दिरहरुमा जस्तै कुनै प्रकारको देवदेवता । आकृति । मूर्ति रहेको पाईदैन । यो एक विशाल चट्टान हो । भूगोलिय दृष्टिकोणबाट पनि यो चट्टान अति नै महत्वपूर्ण रहेको पाईन्छ । लिपि विशेषज्ञ पं. हेमराज शाक्यद्वारा लिखित "अक्षयेश्वर महाबिहार पूच्व छगु अध्ययन" पुस्तकमा पाटन क्षेत्रमा भेट्टाइएका जतिपनि प्रस्तर मूर्ति तथा शिलालेखहरु छन् ती मध्ये सबैभन्दा पूरानो चट्टान (प्रस्तर) रहेको उल्लेख छ । त्यस्तै काठमाण्डौं उपत्यका कालीन्दह (नागदह) अवस्थामा हुँदा जलतरंग (छाल) को रेखाङ्कन चिन्ह यस चट्टानमा अंकित देखिन्छ । यस चट्टानले पूच्व वाणगिरी क्षेत्र प्राचीन क्षेत्र रहेको प्रमाणित गरिदिएको छ । चट्टानको गरिमालाई ध्यानाकर्षण गरी सम्वन्धित निकायबाट छिटो भन्दा छिटो अध्ययन अनुसन्धान गर्नुपर्ने जरुरी देखिन्छ । यो एक प्राकृतिक सम्पदा हो ।

# समय् फल्चा




समय् फल्चा पुल्चोक – जावलाखेल मूल सडक ढःमा फल्चाको उत्तर अवस्थित छ। पुर्वाभिमुख समय् फल्चा जिर्ण अवस्थामा रहेको थियो। स्व. राजा बिरेन्द्र बीर बिक्रम शाहदेवको राज्याभिषेक (बि.सं. २०३१ साल) को अवसरमा यस फल्चालाई भत्काइएका थिए। विशिष्ट पाहुनाहरुलाई गोदावरीमा वृक्षारोपण गर्न लाने बाटो यही नै भएको हुँदा अशोभनीय देखिने भएकोले समय् फल्चा भत्काएका थिए। यो फल्चा पुल्चोकका श्रेष्ठ (मलेकू) समुदायबाट संरक्षित फल्चा हो। यो फल्चा भित्र विभिन्न देवताहरुको प्रस्तर मूर्तिहरु राखिएका छन्। फल्चा संरक्षण गर्न गुठीको नाममा जग्गा पनि राखिएको पाइन्छ। हरेक वर्ष येंन्यापुन्ही (ईन्द्रजात्रा) को दिन यही रहेका देवताहरुको पूजा गरी समय्बजी वितरण गर्ने प्रचलन थिए।

गुठीबाट जग्गा बेचेपछि आयस्ताको अभावमा समय्बजी दान दिने तथा फल्चाको उचित संरक्षण नभएको देखिन्छ। समय्बजी दिने परम्परा भएकै कारण फल्चालाई स्थानीयहरुले "समय् फल्चा" भनिएको हो। समय् फल्चामा रहेका प्रस्तर देवताहरु (उमामहेश्वर, शिव-पार्वती, बुद्ध आदि) र काठको झ्याल, टुँडाल पुल्चोक प्रहरी प्रभागले सुरक्षित राखेका थिए र उक्त कार्यालयबाट पछि वडा नं. ३ कार्यालयलाई हस्तान्तरण गरेका थिए। हाल सम्पूर्ण प्रस्तर देवताहरु "पुल्चोक टोल सुधार समिति" को स्वामित्वमा राखिएका छन्।

फल्चा पुनःनिर्माण गर्न गठित "समय् फल्चा पुनःनिर्माण समिति" ले कार्य शुभारम्भ गर्न निक्कै नै कानुनी मुद्दा मामिला झेल्नु परेको थियो। फल्चाका सन्धियार "श्री लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था" बाट विभिन्न तहमा फल्चा पुनःनिर्माण रोक्न मुद्दाहरु द्यर्ता गरेका थिए। अन्तत्वगत्वा विभिन्न वाधाअर्चनहरुलाई पन्छाउँदै समय् फल्चा पुनःनिर्माण कार्य शुरु भएको छ। "पुल्चोक टोल सुधार समिति" को पहलमा ललितपुर महानगरपालिकाको आर्थिक अनुदानबाट समय् फल्चा पुनःनिर्माण कार्य अगाडि बढि रहेको छ। फल्चाको शिलान्यास ल.पु.म.न.पा.का मेयु श्री चिरीबाबु महर्जनले भाद्र २४ गते वि.सं. २०७८ सालमा गर्नु भएको थियो।

# मण्ड फल्चा



मण्ड फल्चा पुल्चोक-जावलाखेल मूल सडकको पूर्व पट्टि पर्दछ । पश्चिमाभिमुख दुई तल्ले मण्ड फल्चाले आफ्नो मौलिक स्वरुप गुमाईसकेको छ । भुई तल्ला खुल्ला रहेको यस मण्ड फल्चाको माथिल्लो तल्लामा "पूच्व पुस्तकालय" राखिएको छ । मण्ड फल्चा "मण्डप" स्वरुप चारवटा खम्बाहरु बिचमा र यसलाई घुम्न मिल्ने गरी बाहिरी घेरामा बाह्रवठा खम्बाहरु राखिएको हुन्छ । फल्चा बनावटको यथार्थ अर्थ नबुझिएको हुँदा बाहिरबाट झ्वाट्ट हेर्दा सोह्रवटा खम्बाहरु द्येख्नालाई यसको नामाकरण "सोह्रखुट्टे पाटी" पनि भनिएको पाईन्छ । मण्ड फल्चा जग्गा दाता सन्तती परिवार श्रीमती कर्ममाया श्रेष्ठ भन्नु हुन्छ कि शुरुको मण्ड फल्चाको बनावट सोह्रवटा खुट्टा राखेर नै बनाएको थिए । जुन अहिले विभिन्न ठाउँमा रहेका मण्ड फल्चाको स्वरुपमा देख्न सकिन्छ । जस्तै- पाटन दरबार क्षेत्र, पनौती दरबार क्षेत्र र बालाजु बाईपास सडक आदि । वि.सं. २०७२ सालको महाभूकम्पबाट भत्किएको मण्ड फल्चा "पूच्व पुस्तकालय" को सक्रियतामा वि.सं. २०४० सालमा पुनःनिर्माण गरिएको थियो र हालको मण्ड फल्चा पनि सोहि पूच्व पुस्तकालयको पहलमा ललितपुर महानगरपालिका, प्रारम्भ संस्था र स्थानीय दाताहरुबाट आर्थिक संकलन गरी वि.सं. २०७७ सालमा पुनःनिर्माण गरिएका थिए । रातो मच्छिन्द्रनाथ रथारोहणका दिन फल्चा जग्गा दाताबाट वि.सं. १७६६ देखि हालसम्म निरन्तर बुँगद्यःलाई पूजा गरी यसै फल्चामा बसि समयबजी दान दिने परम्परा चलाउँदै आईरहेका छन् । त्यस्तै मच्छिन्द्रनाथको रथ पुल्चोकमा विराजमान रहुञ्जेल "मृगन्द भजन मण्डल" लगायत अन्य भजन समूहहरुबाट भजन प्रस्तुत हुने गर्दछन् । साथै यस फल्चा अक्षय तृतियाको दिन गुठी संस्थानबाट मच्छिन्द्रनाथको पूजा गरी गौ दान दिने गरिन्छ र भक्तजनहरुबाट बडुवाहरुलाई निःशुल्क सर्वत (सक्खर पानी) खुवाउने चलन पनि रहेकोछ ।

"समय, मृत्यु र ग्राहकले कसैलाई पर्खिदैन ।"

# श्रीदरबार



यो दरबार चन्द्रशमशेरले वि.सं. १९८० मै पाटनको पुलचोकमा निर्माण गर्न लगाएका हुन् । यस दरबारको निर्माणकर्ता इन्जिनियरहरु पनि उनै कुमारनरसिंह राणा र किशोरनरसिंह राणाहरु हुन् । यो दरबार चन्द्रशमशेरले आफ्नी कान्छी बडामहारानी बालकुमारी देवी र उनका जेठा छोरा विष्णुशमशेर (जसलाई "बाबा हजुर" पनि भन्दथे) साथै कान्छा छोरा मदनशमशेर जसलाई- "हजुर-हजुर" भनी सम्बोधन गर्दथे । यो उनीहरुका निमित्त करिब १४० रोपनी जग्गा ओगटी निर्माण गरिदिएका हुन् । चन्द्रशमशेरले तीनजनाका निमित्त निर्माण गरिएकाले यो दरबार निकै भव्य छ ।

वि.सं. १९८६ मार्ग ३० गते चन्द्रशमशेरको मृत्यु भएपछि भीमशमशेर सत्तामा आए । उनी सत्तामा आउनासाथ बालकुमारीदेवी नेपाल छाडेर भारत प्रस्थान गरिन र बनारस नजिक "बाबा हजुर" पनि काठमाडौंमा भीमशमशेरलाई भन्दै नभनी याने स्वीकृति लिदैं नलिकन भारतको बम्बई सहरबाट "आर्मी एण्ड नेभी" को विशेष पानी जहाजद्वारा संयुक्त अधिराज्यतर्फ लागे, त्यसपछि संयुक्त राज्य अमेरिका पुगे । उनका साथ नृपजङ्ग राणा पनि साथै थिए ।

अब यो दरबारमा मदनशमशेर- "बाबा हजुर" मात्र बस्थे । श्रीदरबारको धेरै जग्गा जमिन मदनशमशेरकी रानी जगदम्बाले बक्सिस र बिक्री-वितरण गरिन् भने श्रीदरबारको बाँकी जमिन तथा दरबार पनि मदनशमशेरका छोराहरु गोपालशमशेर र उनका भाइले बिक्री गरे । हाल यो दरबारअगाडि कम्पाउण्डमा "साझा यातायात" रहेको छ ।

साभार- राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरुबाट

"युवाहरुले सामूहिक स्वरोजगार कार्यक्रम लिने गरौं ।"

# हरिहरभवन



भवनको निर्माता चन्द्रशमशेर नै हुन्, भने इन्जिनियरहरु पनि उनै कुमारनरसिंह राणा र किशोरनरसिंह राणाहरु नै हुन् । यो भवनको निर्माणकार्य सकेपछि चन्द्रशमशेरले यसको स्वामित्व हस्तान्तरण आफ्नी कान्छी बडामहारानी बालकुमारी देवीतर्फका माहिला छोरा शंकर शमशेरलाई सुम्पिदिए । जसलाई- "ज्ञानी हजुर" पनि भन्दथे ।

वि.सं. १९८६ मार्ग ३० गते चन्द्रशमशेरको मृत्यु भयो । त्यसपछि शंकरशमशेर- "ज्ञानी हजुर" सिंहदरबारबाट हरिहरभवनमा सरे । वि.सं. १९९० माघ २ गतेको महाभूकम्पबाट यो भवन क्षतिग्रस्त भएपछि शंकरशमशेरले नै यसको मर्मत सम्भार गराए । वि.सं. २००५ वैशाख १८ गते यिनलाई तत्कालिन शासक मोहनशमशेरले आफ्ना "हजुरिया" मा नियुक्ति गरे भने वि.सं. २००६ पुस-माघमा शंकरशमशेरलाई हजुरियाबाट मुक्त गरी संयुक्त अधिराज्यका निमित्त राजदूत पदमा नियुक्त गरे । त्यसपछि संयुक्त अधिराज्यका लागि हिडेको शंकरशमशेर "ज्ञानी हजुर" उताको उतै भए । वि.सं. २००९ फागुन ९ गतेपछि उनी पदच्यूत भए भने उनको हरिहरभवन तत्काल श्री ५ को सरकारले अधिकरण गऱ्यो ।

वि.सं. २०३४ आषाढ १२ आइतवारका दिन शंकरशमशेरको बेलायतमै मृत्यु भयो । हरिहरभवनको कम्याउण्डभित्र मन्त्रीनिवास बनेको छ भने हाल हरिहरभवनमा "सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय पुस्तकालय" पनि रहेको थियो । वि.सं. २०७२ सालको महाभूकम्प पश्चात दुवै अफिस ठाउँ सारी भएको छ ।

साभार- राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरुबाट

"विदेशी होइन स्वदेशी रोजौं ।"




"कोभिड-१९ विरुद्धको खोप लगाऔं ।"

# ललितपुर महानगरपालिका
# ३ नं. वडा कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-५५२८१८८, मोबाईल नं.: ९८५१२३६९४८

## आकस्मिक सम्पर्क नम्बर

| | |
|---|---|
| महानगरीय प्रहरी प्रभाग, पुल्चोक<br>०१-५५२२१५१/९८५१२३३१११ | जिल्ला प्रशासन कार्यालय, ललितपुर<br>०१-५५२११६५/५५२८४४/५५२३०५१ |
| महानगरीय प्रहरी प्रभाग, सानेपा<br>०१-५५२१५४८/९८५१२९४५०१ | ललितपुर महानगरपालिका कार्यालय, पुल्चोक<br>११३१/०१-५५२२५६३ |
| सशस्त्र प्रहरी बल, सातदोबाटो<br>०१-५५३१२९५ | ललितपुर महानगरपालिका<br>नगर प्रहरी बल-०१-५५४८७५८ |
| महानगरीय प्रहरी परिसर, ललितपुर<br>१००/०१-५५२१३५०/५५२१२०७ | ललितपुर महानगरपालिका<br>फोहरमैला व्यवस्थापन केन्द्र, ०१-५२०२७७८ |
| ट्राफिक प्रहरी, जावलाखेल<br>१०३/९८५१२८५८७० | काठमाडौं उपत्यका खानेपानी लिमिटेड<br>ढल संञ्चालन महाशाखा, कीर्तिपुर, ०१-४३३२८०८ |
| बालबालिका खोज तलास केन्द्र<br>१०४ | काठमाडौं उपत्यका खानेपानी लिमिटेड,<br>जावलाखेल, ०१-५५२७२६८ |
| दमकल<br>१०१/०१-५५२११११ | सडक डिभिजन कार्यालय, हरिहरभवन<br>०१-५५२१२७८ |
| नेपाल एम्बुलेन्स<br>१०२ | नेपाल विद्युत प्राधिकरण, पुल्चोक शाखा<br>नो-लाईट, ०१-५५२२०४३ |
| पाटन अस्पताल, लगनखेल<br>०१-५५२१०३४/५५२२२९५ | नेवा: देय् दबु, ढल्को<br>०१-४२६९०२९ |
| सुमेरु सिटी अस्पताल, पुल्चोक<br>०१-५४०००००/५४४४४४४ | नेपाल आदिबासी जनजाति महासंघ<br>०१-५५५५४५४ |
| निदान अस्पताल, पुल्चोक<br>०१-५४३१३३३/५४३१८२२ | नेपाल परिवार नियोजन संघ, हरिहरभवन<br>०१-५०१०२४०/५०१०१०४ |
| ३ नं. वडा शव-वाहन<br>९८५१२३६९४८ | नेपाल रेडक्रस सोसाईटी, ललितपुर<br>रक्तसंचार सेवा केन्द्र, ०१-५४२७०३३ |
| ३ नं. वडा जेटिङ्ग, रोडिङ्ग, ग्राबिङ्ग मेशिन - ९८५१२३६९४८ | |

www.lmcityward3.com, Apps: lmcity ward 3

"बालबालिकालाई श्रममा नलगाऔं, बालश्रम मुक्त बनाऔं ।"

# अनलाईन घटना दर्ता गर्ने तरिका :

Computer मा बस्नुस् ।

Firefox खोल्नुस् ।

Google मा जानुस् ।

Public.docr.gov.np वा donidcr.gov.np खोल्नुस् ।

घटना दर्ताको लागि यहाँ थिच्नुहोसुमा क्लिक गर्नुस् ।

व्यक्तिगत परिचय फाराम पूर्ण भर्नुहोस् ।

पेश गर्नुहोस्मा क्लिक गर्नुहोस् ।

**मोबाईलमा आएको टोकन नंम्बर र फाराम भर्दा आवश्यक कागजातहरु लिएर ३ नं. वडा कार्यालयमा सचिवलाई भेट्नुहोस् ।**

समस्याको लागि: ९८५१२३६९४८

# घर वा जग्गा भाडामा नदिन आग्रह

परिचयपत्र नभएका वा भाडा सम्झौता बिना कोही पनि व्यक्ति वा संघ/संस्थाहरुलाई घर, जग्गा, कपार्टमेन्ट, कोठा वा फ्लाट भाडामा नदिन आग्रह गर्दछु ।

भाडामा बस्न आएमा वा उठेर गएमा वडा कार्यालयमा जानकारी गराई मात्र राख्ने गर्नुहोला अन्यथा भाडामा राखी समस्या आएमा स्वयम् जिम्मेवार हुनेछ ।

**ललितपुर महानगरपालिका**
**३ नं. वडा कार्यालय, पुल्चोक, ललितपुर**
फोन : ९८५१०९२९४८

"नक्सा पास बमोजिम भूकम्प प्रतिरोधात्मक घर निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिने गरौं ।"

DATE | DD | MM | YYYY

“जनता नेताको घरमा होइन, नेता जनताको घरमा ।”

DATE | DD | MM | YYYY

# झनाख्यः पार्क








## ललितपुर महानगरपालिका
𑐮𑐮𑐶𑐟𑐥𑐸𑐬 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

Lalitpur Metropolitan City

# ३ नं. वडा कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

फोन नं.: ५५२८१८८/९८५१२३६९४८

www.lmcityward3.com, Apps: lmcity ward 3

Facebook: ललितपुर महानगरपालिका वडा नं. ३